# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक १२४ | काठमाडौं | शुक्रबार, ०८ भदौ २०८० | Prabhad National Daily | Friday, August 25, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्न हुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


# मुख्यमन्त्री थापामाथि दोस्रो 'खड्गो'

■ प्रभाव संवाददाता

**काठमाडौं–** कोशी प्रदेशका मुख्यमन्त्री उद्धव थापामाथि सर्वोच्च अदालतले दोस्रोपटक पनि 'डण्ड' चलाएको छ । विश्वासको मत लिँदा विवादमा तानिएका उनीमाथि सर्वोच्चले बिहीबार उत्प्रेषण परमादेश जारी गर्दै डण्ड बर्षाएको हो । असार २२ गते

- असार २२ गते मुख्यमन्त्री बनेका थापा यसअघि पनि रिट परेपछि साउन ११ गते सर्वोच्चको आदेशबाट पदमुक्त भएका थिए
- बाबुराम गौतमलाई सभामुखबाट राजीनामा गराएर दोस्रोपटक साउन १६ गते थापा ४७ सांसदको समर्थनमा मुख्यमन्त्री नियुक्त
- उपसभामुख बिरामी भन्दै काठमाडौं आएपछि ज्येष्ठ सदस्यको आधारमा सदन सञ्चालन गरेका इस्राइल मन्सुरीले मत दिंदा सर्वोच्चको अर्को परमादेश

## कोशी प्रदेशको घटनाक्रम

| | |
|---|---|
| पुस २४: | एमालेका ४०, माओवादीका १३, राप्रपाका ६ र जसपाका एक सांसदको समर्थनमा हिक्मत कार्की मुख्यमन्त्रीमा नियुक्त |
| फागुन १७: | प्रदेशको नाम कोशी नामाकरण गर्ने प्रस्ताव प्रदेशसभाबाट पारित |
| जेठ १७: | जसपा सरकारबाट फिर्ता |
| जेठ २३: | माओवादी सरकारबाट फिर्ता |
| असार १५: | विश्वासको मत नपाउँदा मुख्यमन्त्री हिक्मत कार्कीको पद गुम्यो |
| असार २२: | सभामुखसमेतको समर्थनमा नेपाली कांग्रेसका उद्धव थापा मुख्यमन्त्री नियुक्त |
| असार २२: | थापाको नियुक्तिविरुद्ध सर्वोच्च अदालतमा एमालेको रिट |
| असार २७: | दीर्घकालीन असर पर्ने कुनै निर्णय नगर्न सर्वोच्चको आदेश |
| साउन ८: | कोशी सरकारको मुद्दा पूर्णइजलासमा पठाउने आदेश |
| साउन ११: | उद्धव थापाको मुख्यमन्त्री नियुक्ति बदर । सात दिनभित्र नयाँ सरकार गठन गर्न आदेश |
| साउन १२: | प्रदेश प्रमुख परशुराम खापुङद्वारा मुख्यमन्त्रीमा दाबी पेस गर्न आह्वान |
| साउन १६: | सभामुख बाबुराम गौतमको राजीनामा |
| साउन १६: | उद्धव थापा ४७ सांसदको समर्थनमा दोस्रोपटक मुख्यमन्त्रीमा नियुक्त |
| साउन १७: | माओवादी केन्द्रका बाबुराम गौतम, नेकपा एकीकृत समाजवादीका कमल जबेगु र कांग्रेसका प्रदीपकुमार सुनुवारलाई मन्त्री नियुक्त |
| भदौ ४: | मुख्यमन्त्री उद्धव कार्कीलाई विश्वासको मत प्राप्त |
| भदौ ६ : | सर्वोच्चमा थापाविरुद्ध कार्कीको रिट |
| भदौ ७ : | दीर्घकालीन असर पर्ने कुनै निर्णय नगर्न सर्वोच्चको परमादेश/पूर्ण सुनुवाइ भदौ १५ गते |

मुख्यमन्त्री बनेका थापा यसअघि पनि रिट परेपछि साउन ११ गते सर्वोच्चको आदेशबाट पदमुक्त भएका थिए । बाबुराम गौतमलाई सभामुखबाट राजीनामा गराएर ४७ जनाको हस्ताक्षरसहित मुख्यमन्त्री बनेका थापाको खड्गो विश्वासको मत लिने बेला उपसभामुख सिर्जना दनुवार उपस्थित नहुँदा कट्न सकेन ।

बिहीबार सर्वोच्च अदातले कोशी प्रदेशका मुख्यमन्त्री थापाले प्राप्त गरेको विश्वासको मत नेपालको संविधान, संसदीय अभ्यास, संवैधानिक नैतिकता र अदालतबाट प्रतिपादित सिद्धान्त प्रतिकूल रहेको उल्लेख गर्दै अन्तरिम आदेश गरेको हो । न्यायाधीश ईश्वरप्रसाद खतिवडाको एकल इजलासले जारी गरेको आदेशमा भनिएको छ, 'विश्वासको मत प्राप्त गरेको भनी अध्यक्षता गर्ने सदस्यले दिएको मतसमेत गणना गरी मुख्यमन्त्री उद्धव थापाले विश्वासको मत प्राप्त गर्नुभएको भनी घोषणा गरिएको कार्य नेपालको संविधानको धारा १६८ (२) र (४) तथा धारा १८६ संसदीय अभ्यास, संवैधानिक नैतिकतालगायत यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको प्रतिकूल रहेको देखिन आयो ।' प्रस्तुत विषयमा अन्तिम टुंगो नलागेसम्म सरकारलाई दीर्घाकालीन असर पर्ने प्रकृतिका निर्णय नगर्न आदेश दिइएको छ ।

(बाँकी पृष्ठ २ मा)

# संसदीय समितिको सभापतिमा आरजुदेखि गोकुलको चर्चा

■ प्रभाव संवाददाता

**काठमाडौं–** लामो समयदेखि थाँती रहेको संसदीय समितिहरूले भदौ ११ गते सभापति पाउने भएको छ । बुधबार संसद् खुलेसँगै संसदीय समितिहरूले सभापति पाउने निश्चित भएको हो । यसअघि संसदीय समितिले सभापति नपाउँदा विभिन्न विधेयकहरू अड्किएको थियो ।

प्रतिनिधिसभाअन्तर्गत अर्थ समिति, अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित, कानुन न्याय तथा मानवाधिकार, कृषि, सहकारी तथा प्राकृतिक स्रोत, महिला तथा सामाजिक मामिला, राज्य व्यवस्था तथा सुशासन, पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि र सार्वजनिक लेखा गरी १० विषयगत समिति छन् । ती समिति वैशाख १५ गते गठन भएका थिए ।

ती समितिहरूको निर्वाचन यही भदौ ११ गते हुने सभामुख देवराज घिमिरले बताए । बिहीबारको सदनमा सभामुख घिमिरेले सभापतिको निर्वाचन भदौ ११ गते दिउँसो ३:०० बजे हुने जानकारी गराएका हुन् । निर्वाचनका लागि प्रतिनिधिसभाका सचिव पदमप्रसाद पाण्डेयलाई जिम्मेवारी तोकिएको छ ।




- प्रतिनिधिसभाअन्तर्गत १० वटा संसदीय समिति सभापतिको निर्वाचन भदौ ११ गते दिउँसो ३:०० बजे
- रास्वपा र राप्रपालाई बाहिरै राखेर सत्तारूढ दल र प्रमुख प्रतिपक्षी दलहरूले यसअघि नै सांसद संख्याको आधारमा सभापतिमा भागबण्डा
- संसदीय समितिको सभापतिमा विवादित पात्रहरु कांग्रेसकी डा. आरजु राणा देउवादेखि पूर्वसञ्चारमन्त्री गोकुल बाँस्कोटासम्मको चर्चा

### यस्तो छ दलीय भागबण्डा

संसदीय समितिको सभापतिमा दलहरूले यसअघि नै भागबण्डा मिलाएका छन् । साउन २२ गते सत्तारुढ दल र प्रमुख प्रतिपक्षीबीच भएको सहमतिअनुसार नेपाली कांग्रेसले चार, माओवादी केन्द्रले दुई, एकीकृत समाजवादी, जसपा र जनमतले एक-एक तथा प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले तीनवटा संसदीय समितिको नेतृत्व पाउनेछन् । सहमतिअनुसार नै दलहरूले सभापतिमा नाम अघि बढाउने कांग्रेस सचेतक सुशीला थिङले जानकारी दिइन् । '११ गते निर्वाचन छ । सहमतिअनुसार नै दलहरू अघि बढ्ने तयारी छ,' थिङले प्रभावसँग भनिन् ।

भागबण्डाअनुसार कांग्रेसले अर्थ समिति, संसदीय सुनुवाइ समिति, राज्य व्यवस्था तथा सुशासन समिति र कृषि तथा प्राकृतिक स्रोत समितिको नेतृत्व गर्ने भएको छ । यस्तै एमालेले लेखा समिति, महिला तथा सामाजिक मामिला समिति र राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन समितिको नेतृत्व गर्नेछ । माओवादी केन्द्रले पूर्वाधार विकास समिति र कानुन, न्याय तथा मानवअधिकार समिति तथा नेकपा एकीकृत समाजवादीले शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति, जनता समाजवादी पार्टीले अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समिति र जनमत पार्टीले उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको नेतृत्व गर्ने भएको छ । रास्वपा र राप्रपालाई भने कुनै पनि संसदीय समितिको नेतृत्व गर्ने अवसर दिइएको छैन । यसप्रति रास्वपा सभापति रवि लामिछानेले असन्तुष्टि जनाउँदै आएका छन् ।

### संसदीय समितिका सदस्य हेरफेर

सभापतिको निर्वाचन तोकिनुअघि बुधबार संसदीय समितिमा सदस्यको नाम हेरफेर गरिएको छ । हेरफेरमा अमनलाल मोदी सार्वजनिक लेखा समितिमा, नागिना यादव कानुन, न्याय तथा मानवअधिकार समितिमा, सांसद संगीता मण्डल धानु शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समितिमा, सोनु मुर्मु कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा, किरणकुमार साह महिला तथा मामिला समितिमा रहेका छन् ।

त्यस्तै, डा. शशांक कोइराला अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिमा, रामहरि खतिवडा राज्य व्यवस्था तथा सुशासन समितिमा, रूपा सोशी (चौधरी) कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा, सांसद अब्दुल खाँन उद्योग, वाणिज्य श्रम तथा उपभोक्ता समितिमा, सांसद विमला सुवेदी कानुन न्याय तथा मानवअधिकार समितिमा र सांसद योगेश गौचन थकाली अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिमा रहेका छन् । प्रस्तावित हेरफेरलाई सभाले सहमति जनाएको थियो ।

### आरजुदेखि गोकुलसम्मको सम्भावना

अधिकांश दलहरूले संसदीय समितिको सभापतिको नाम तय गरे पनि सार्वजनिक भने गरेका छैनन् । कांग्रेसले राज्य व्यवस्था समितिमा रामहरि खतिवडालाई अघि सार्ने तयारी गरेको एक सांसदले बताए । 'उहाँको नाम हेरफेर गरी यो समितिमा ल्याएको हुनाले सभापतिको जिम्मेवारी दिने तयारी होला,' ती सांसदले भने । यसैगरी कृषि तथा प्राकृतिक स्रोतमा डा आरजु राणा देउवालाई ल्याउने तयारी रहेको छ ।

(बाँकी पृष्ठ २ मा)

सन्दर्भ : वैदेशिक रोजगार

प्रधानमन्त्री दाहालको निर्देशन

# श्रम आप्रवासनका समस्या समाधानमा 'ब्रेक थ्रु' गरौं

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले वैदेशिक रोजगारीमा गएका नागरिकका समस्या समाधानमा 'ब्रेक थ्रु' गर्नेगरी योजना तयार गर्न निर्देशन दिएका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा बिहीबार आयोजित श्रम आप्रवासनसम्बन्धी विद्यमान समस्या तथा समाधानसम्बन्धी छलफल कार्यक्रममा उनले श्रम आप्रवासनमा रहेका नागरिक र उनीहरूले भोगेका समस्याको यथार्थ र वास्तविक तथ्यांक र अध्ययन, अनुसन्धान आवश्यक रहेको भन्दै ती विवरण तत्काल संकलन गर्न निर्देशन दिए ।

'वैदेशिक रोजगारीका सम्बन्धमा मध्यपूर्वमा एकथरी समस्या छ, एसिया, युरोप, अमेरिका र खाडीका अन्य देशका समस्या एकै प्रकृतिका छैनन् । त्यसकारण सबैभन्दा पहिले त हाम्रो देशबाट रोजगारीमा गएकाको संख्या, गरिरहेका कामका प्रकार, अहिलेको अवस्था, डकुमेन्टेड वा अनडकुमेन्टेड के छन् ? त्यसको एकमुष्ट विवरण



तयार पार्नूस्,' प्रधानमन्त्री दाहालले भने ।

विगत १० वर्षदेखिको प्रवृत्ति हेर्दा कस्ता प्रकृतिका समस्या देखिए, त्यहाँका श्रम आप्रवासनसम्बन्धी कानुनी विषय के छ ? लगायतका विषयमा यथार्थ र वास्तविक तथ्यांक, अध्ययन, अनुसन्धान चाहिएको प्रधानमन्त्रीको भनाइ छ । उनले त्यसबाटै समस्याको तत्काल समाधान गर्न सकिने उल्लेख गरे ।

प्रधानमन्त्री दाहालले देश गरिब हुँदा दुःख पाइएको उल्लेख गर्दै देश धनी बनाउने दिशातर्फ केन्द्रित हुने गरी वैदेशिक रोजगार तथा श्रम आप्रवासनलाई व्यवस्थित, पारदर्शी बनाउन आवश्यक भएको बताए । वैदेशिक रोजगारीलाई व्यवस्थित, पारदर्शी र वैधानिक दायरामा ल्याउन विशेष अभियान चलाउनुपर्ने बताउँदै उनले वैदेशिक रोजगारमा हुने ठगीलाई कसरी अन्त्य गर्न सकिन्छ विशेष योजना बनाउन निर्देशन दिए । 'हामी देश गरिब भएर नै सबै समस्या आएको हो । देश धनी भए अन्य देशका कामदार ल्याउन सकिन्थ्यो,' प्रधानमन्त्री दाहालले भने, 'अब देश धनी बनाउने दिशातर्फ केन्द्रित हुँदै वैदेशिक रोजगार तथा श्रम आप्रवासनलाई व्यवस्थित, पारदर्शी र संवैधानिक फ्रेमवर्कमा ल्याउनुपर्दछ ।'

(बाँकी पृष्ठ २ मा)

# मलेसियामा बेपत्ता छोराको खोजी गरिदिन अपिल

**झापा–** वैदेशिक रोजगारीका लागि १८ वर्षअघि मलेसिया गएका मेचीनगर नगरपालिका-६ का गोपाल घिमिरे सम्पर्कविहीन भएपछि खोजी गरिदिन परिवारले अपिल गरेको छ ।

राज ओभरसिज म्यानपावर कम्पनीमार्फत २०६१ चैत ८ गते घिमिरे 'प्रोडक्सन अपरेटर' कामका लागि श्रम अनुमतिपत्र पाएर मलेसिया गएका थिए । मलेसिया पुगेको एक सातापछि आफूमाथि 'गैरकानुनी कामदार' भएको आरोप लागेको जानकारी घरमा पठाएका उनको त्यसपछिको वास्तविक अवस्थाबारेमा परिवारसमेत बेखबर छ । 'गैरकानुनी कामदार' भएको आरोप लागेपछि घिमिरेले सम्पर्क गरेर आफू अप्ठ्यारोमा रहेको पटक-पटक जानकारी दिने गरेको र विगत छ वर्षयता सम्पर्कसमेत टुटेको उनकी आमा सानी ढकाल घिमिरेले बताइन् । विदेश जाँदा १९ वर्षका घिमिरेको उमेर अहिले ३७ वर्ष पुगिसकेका छन् ।

(बाँकी पृष्ठ २ मा)


जनहितमा जारी सन्देश

**आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस लागेमा के गर्ने ?**

**भाइरल कन्जंक्टिभाइटिस रोग घरमै स्याहार गरे १ देखि २ हप्तामा आफैं निको हुन्छ ।**

**घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरु**

- बरफले आँखा सेक्दा आँखा बन्द गरेर वा सफा रुमालमा राखेर सेक्ने ।
- बाहिर घाममा जाँदा कालो चस्मा प्रयोग गर्ने ।
- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदि हरेक दिन धुने वा सफा गर्ने ।
- आँखा छोइसकेपछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने ।
- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अन्य व्यक्तिलाई प्रयोग गर्न नदिने ।

**स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं । दृष्टि कम हुने लगायतका आँखा सम्बन्धी समस्या बढेमा उपचारको लागि तुरुन्त स्वास्थ्यसंस्था जाऔं ।**

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

# आठौं तामाङ ज्ञान महोत्सव सम्पन्न

■ प्रभाव संवाददाता




**काठमाडौं–** आठौं तामाङ ज्ञान महोत्सव बिहीबार सम्पन्न भएको छ। तामाङ डाजाङ, तामाङ न्हाङखोर र तामाङ राष्ट्रिय पुस्तकालयले संयुक्त रूपमा आयोजना गरेको दुई दिने महोत्सव तामाङ भाषा, कला, संस्कृति, ज्ञान र इतिहासका विविध पक्षमा विचार विमर्श गर्दै सम्पन्न भएको हो।

अन्तर्राष्ट्रिय तामाङ परिषद्का कार्यकारी महासचिवले बुधबार उद्घाटन गरेको महोत्सवमा विभिन्न विषयमा कार्यपत्र प्रस्तुति तथा अन्तरक्रिया सञ्चालन गरिएको थियो। पहिलो दिन इतिहासकार दिनेशराज पन्तले विशेष प्रवचन राखेका थिए। उक्त दिन 'तामाङ ज्ञान र महिला' विषयमा त्रिभुवन विश्वविद्यालयकी उपप्राध्यापक कुमारी लामा, मानवशास्त्री टेकबहादुर दोङ, सञ्चारकर्मी सञ्चु ब्लोन र खेन्पो नवराज लामाले आ-आफ्नो प्रस्तुति राखेका थिए।

सोही दिन भाषा प्रविधि र लोकसाहित्य विषयमा डा. लोकबहादुर लोप्चन, बुद्ध योञ्जन, निष्णु थिङ, डा. बालकृष्ण बललगायतले प्रस्तुति दिनुका साथै प्राध्यापक डा. महेन्द्र लावतीको विशेष मन्तव्य राखिएको थियो। तामाङ बोन साहित्यसम्बन्धी अन्तरक्रियामा डा. मुक्तसिंह लामा, खोजराज गोले र टेकबहादुर मोक्तान वक्ताको रूपमा सहभागी थिए।

महोत्सवको दोस्रो दिन बिहीबार राजनीतिक विश्लेषक सिकेलालको विशेष प्रवचन राखिएको थियो। उक्त दिन रविन्द्र थिङ, रमेश घिसिङ, अञ्जु मोक्तान, निमा मोक्तान, खोजराज गोले, धनबहादुर तामाङलगायतले कार्यपत्र प्रस्तुत गरे। सोही दिन पञ्चकन्या गाउँपालिका नुवाकोटका अध्यक्ष तेजबहादुर तामाङ र मण्डनदेउपुर नगरपालिका काभ्रेका प्रमुख प्रशासकीय अधिकृत डा. लोकबहादुर लोप्चनसँग स्थानीय सरकारसम्बन्धमा अन्तरसंवाद गरिएको थियो।

तामाङ समुदायले प्रत्येक वर्ष भदौ ६ गतेका दिनलाई तामाङ पहिचान दिवसका रूपमा मनाउँदै आएका छन्। तत्कालीन राणा प्रधानमन्त्री भीम शमशेरको पालामा सरदार बहादुर सुबेदार मेजर जंगवीर तामाङको नेतृत्व टोलीले प्रधानमन्त्रीसमक्ष आफूहरुलाई 'तामाङ' भनियोस् भनी माग पत्र राखेका थिए। सोही मागलाई सम्बोधन गर्दै भीम शमशेरले वि.सं. १९८९ भदौ ६ गते नेपाल सरहदभित्र विभिन्न नामले बोलाइने जातिलाई 'तामाङ' लेख्न-लेखाउन सनदपत्र जारी गरेकाले सोही दिनलाई तामाङ पहिचान दिवसका रूपमा मानिएको महोत्सवका संयोजक निष्णु थिङले बताए। त्यसअघि तामाङहरुलाई भोटे, लामा, मुर्मी आदि भन्ने गरिएको पाइन्छ।

# नौतले दरबारपुनर्निर्माण अन्तिम चरणमा

■ पूर्णप्रसाद मिश्र

**काठमाडौं–** विश्व सम्पदा सूचीमा सूचीकृत हनुमानढोका दरबार क्षेत्रको नौतले दरबारको पुनर्निर्माण अन्तिम चरणमा पुगेको छ। चीनले भूकम्पपछिको पुनर्निर्माणमा सहयोग गर्ने क्रममा नौतले दरबारका लागि सहयोग उपलब्ध गराएको थियो।

सन् २०२२ मा सक्ने गरी सम्झौता भएको नौतले दरबार पुनर्निर्माण कोरोना भाइरसको महामारी सुरु हुनुअघि नै ८० प्रतिशत काम सकिएको थियो। २०७६ चैतपछि कोरोनाका कारण काममा समस्या आएको हनुमानढोका दरबार हेरचाह अड्डाका कार्यालय प्रमुख सन्दिप खनालले जानकारी दिए।

पुरातत्व विभागले पुनर्निर्माणमा प्राविधिक सहयोग गरेको थियो। पुनर्निर्माणका क्रममा परम्परागत सामग्री उपलब्ध गराउने तथा सुपरीवेक्षणको भूमिका पनि विभागलाई नै दिइएको थियो। २०७६ चैतअघि नै ८० प्रतिशत काम सकिएकामा कोरोना महामारीका कारण बाँकी काम सकेर संरचनाका काम हालै सम्पन्न गरी भित्री साजसजावट र ग्यालरीको काम भइरहेको उनले जानकारी दिए। करिब एक वर्षमा भित्री सजावट र ग्यालरीका काम पनि सम्पन्न गरी संग्रहालयकै रूपमा नौ तले दरबार सर्वसाधारणको अवलोकनका लागि खुला गरिने हनुमानढोका दरबार संग्रहालय विकास समितिले जनाएको छ।

विभागका पूर्वमहानिर्देशक दामोदर गौतमले कोरोना महामारी सुरु हुनुअघि दातृ राष्ट्रले गरिरहेका काममध्येमा उत्कृष्ट काम छिटो गतिमा भएको बताए। विश्व सम्पदा क्षेत्र भएकाले दरबारको पुरानो स्वरूपलाई नबिगारी क्षतिग्रस्त भागको प्रबलीकरण एवं संरक्षणको काम भएको हो। हाल पुरानै स्वरूपमा नौतले दरबार ठडिएको देखिन्छ।

करिब १६ करोड रूपैयाँ लागतमा दरबार पुनर्निर्माण भएको जनाइएको छ। दरबार पुनर्निर्माणका लागि २०७४ साउन ३२ गते शिलान्यास भएको थियो। नेपाल भ्रमणमा रहेका तत्कालीन चिनियाँ उपप्रधानमन्त्री वाङ याङ र नेपालका तत्कालीन उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री कृष्णबहादुर महराले संयुक्तरूपमा दरबार पुनर्निर्माणको शिलान्यास गरेका थिए। दरबार वि.सं. १८२६ मा तत्कालीन राजा पृथ्वीनारायण शाहले निर्माण गराएका हुन्।

सम्झौताअनुसार सन् २०२२ को नोभेम्बरसम्म नौतले दरबार पुनर्निर्माणको म्याद रहेको थियो। समयमा काम नसकेपछि पुनर्निर्माणका लागि म्याद थप गरिएको हो। वसन्तपुर दरबार क्षेत्रमा भूकम्पले क्षति गरेका संरचनाको पुनर्निर्माण अझै सकिएको छैन। यस क्षेत्रका ९५ सम्पदामध्ये ७५ वटामा भूकम्पले क्षति गरेको इञ्जिनियर रेणु महर्जनले जानकारी दिइन्। हालसम्म ४२ सम्पदा पुनर्निर्माणको काम सकिएको छ। हाल ११ सम्पदा पुनर्निर्माणको काम भइरहेको छ। २२ सम्पदाको भने अझै पुनर्निर्माण सुरु हुन सकेको छैन। बजेट अभावमा २२ सम्पदा पुनर्निर्माण गर्न नसकिएको इञ्जिनियर महर्जनले बताइन्। *रासस*

## मलेसियामा...

पृष्ठ १ बाट जारी

'छ वर्षदेखि छोराको कुनै खुटखबर छैन,' उनले भनिन्, 'मलेसिया पुगेको सात-आठ दिनमै 'इलिगल' भएको आरोप लगायो आमा भनेर फोन गरेको थियो, अहिले मेरो छोरा जे-जस्तो अवस्थामा भए पनि खोजी गरिदिनुपर्‍यो।' वैदेशिक रोजगारीमा पठाउने म्यानपावर कम्पनीको कुनै गल्तीका कारण 'गैरकानुनी' कामदारको आरोपमा घिमिरे मलेसियाको कुनै जेलमा हुनसक्ने परिवारको आशंका छ।

उनकी आमाले म्यानपावर कम्पनीसँग भएका विभिन्न सम्झौताका कागजपत्र र फोटो बोकेर विभिन्न निकाय तथा जनप्रतिनिधिको ढोका ढक्ढकाइसकेको बताइन्। तैपनि कतैबाट अहिलेसम्म उद्धार एवं खोजीको पहल नभएको उनको गुनासो छ।

'वडाध्यक्षलाई भेटेँ, पुलिसलाई भेटेँ,' उनले भनिन्, 'सबैले कुरा सुन्नुभयो, कागजपत्र हेर्नुभयो र हुन्छ खोजी गर्न लगाइदिउँला भन्नुहुन्छ, काम चाहिँ कसैले पनि गरिदिनु भएन।' उनले छोराको खोजी गरेर उद्धार गरिदिन नेपाल सरकारसँग अनुरोध गरेकी छन्।

मलेसियाको 'एक्सडी एसडिएन बिएचडी' नामक कम्पनीमा मासिक आधारभूत ७०० आरएम पारिश्रमिक दिने भनेर राज ओभरसिज प्रालिले घिमिरेलाई मलेसिया पुर्‍याएको रोजगारसम्बन्धी सम्झौतापत्रबाट थाहा भएको छ।

घिमिरेको पासपोर्ट नं २४०१३४७ रहेको छ। रोजगारसम्बन्धी सम्झौतापत्रमा मलेसियाको क्वालालम्पुरस्थित तत्कालीन शाही नेपाली राजदूतावासले प्रमाणित गरी छापसमेत लगाएको छ। श्रम तथा रोजगार प्रवर्द्धन विभागले २०६१ चैत ८ गते दिएको अन्तिम स्वीकृति पत्रअनुसार राज ओभरसिज प्रालिमार्फत झापाका घिमिरेलगायत २९ नेपाली युवा एकैखेपमा मलेसिया गएको पुष्टि भएको छ। ती सबै नेपाली कामदार मलेसियाको एक्सडी एसबी कम्पनीमा काम गर्नका लागि भनेर गएका थिए।

घिमिरेसँगै मलेसिया गएका अन्य नेपालीमा भीमबहादुर तामाङ, विनोद लिम्बू, बुद्धबहादुर भारती, छम्मसिंह थापा, धनसिंह विष्ट, गणेश भण्डारी, गौरी भण्डारी, गेदलाल मगर, गौरीप्रसाद थापा, गुरुराज पौडेल, लक्ष्मणप्रसाद कहर, लोकबहादुर रानामगर, मदनसिंह विष्ट, मनोज सुवेदी, मोहनप्रसाद खतिवडा, नवराज वस्ती, नीरबहादुर लिम्बू, ओमबहादुर ढकाल, पदमसुन्दर बुढाथोकी, पौरसिंह विष्ट, प्रकाश भुजेल, रविन राई, राजु गिरी, सन्तबहादुर खड्का, सुदर्शन बस्ताकोटी, सुनिल थापा, तेजबहादुर घर्ती र तीलबहादुर दाहाल रहेको वैदेशिक रोजगार विभागले जारी गरेको अन्तिम स्वीकृतिपत्रमा उल्लेख छ। *रासस*

## श्रम आप्रवासनका...

पृष्ठ १ बाट जारी

श्रम आप्रवासनमा रहेका नागरिक र उनीहरूले भोगेका समस्याको यथार्थ र वास्तविक तथ्यांकको कमी रहेको बताउँदै उनले अध्ययन, अनुसन्धानका लागि ती विवरण तत्काल संकलन गर्न निर्देशन दिए।

बिहीबारको छलफलबाट श्रम आप्रवासनको यथार्थ विवरण संकलन गर्न मुख्यसचिवको नेतृत्वमा अर्थ, श्रम, परराष्ट्रलगायतका सचिव सदस्य रहेको कार्यदललाई पाँच दिनभित्र कार्ययोजनाको मस्यौदा तयार गरी पेस गर्ने समय दिइएको छ। यसैका आधारमा सबै दूतावासमा लेखी पठाउने, सरकारलाई आवश्यक तथ्यांक र सूचनाका सम्बन्धमा सबै नेपाली राजदूतावासबाट सुझाव माग्ने निर्णय गरिएको छ।

दूतावासबाट अध्ययन भइसकेपछि यही भदौ २४, २५ र २६ गते तीन दिनसम्म विदेशमा रहेका सबै नेपालका राजदूत र नेपालका अन्य सरोकारवाला निकायको सहभागितामा बृहत् कार्यशाला राख्ने, रणनीति र योजना बनाउने अनि कार्यान्वयनमा लैजाने निर्णय गरिएको छ।

छलफलमा प्रधानमन्त्री, उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खडका, उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठ, श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरद्सिंह भण्डारी, परराष्ट्रमन्त्री एनपी साउद, मुख्यसचिव डा. वैकुण्ठ अर्याल, श्रमसचिव, प्रधानमन्त्री कार्यालयका सचिव, परराष्ट्र निमित्त सचिव, वैदेशिक रोजगार विभागका महानिर्देशकलगायतको सहभागिता थियो।

## मुख्यमन्त्री...

पृष्ठ १ बाट जारी

आदेशमा थप भनिएको छ, 'अतः मुख्यमन्त्री थापाले संविधानसम्मतरूपमा विश्वासको मत प्राप्त गरेको भनी मान्न मिल्ने अवस्था नदेखिएकाले निजको नेतृत्वमा गठित प्रदेश सरकारबाट प्रस्तुत निवेदनउपरको सुनुवाइ टुंगो नलागेसम्म दीर्घकालीन असर पर्ने प्रकृतिका साथै नीतिगत प्रकृतिका निर्णय नगर्नू नगराउनू।' यसअघि पनि असार २७ गते सर्वोच्चले थापाको सरकारलाई यस्तै आदेश दिएको थियो। त्यसको केही दिनमै थापाको नियुक्ति बदर भएको थियो।

अदालतले विवादित विषयको छिटो, छरितोरूपमा निर्णय गर्न पूर्णसुनुवाइका लागि यही भदौ १५ गते शुक्रबार पेशी तोकी अग्राधिकार दिएको छ। मुख्यमन्त्री थापाले यही भदौ ४ गते लिएको विश्वासको मत असंवैधानिक भएको उल्लेख गर्दै नेकपा एमालेका कोशी प्रदेश संसदीय दलका नेता हिक्मतकुमार कार्कीले बुधबार रिट निवेदन दायर गरेका थिए।

रिट निवेदनमा यही भदौ ४ गते मुख्यमन्त्री थापाले कोशी प्रदेशसभामा विश्वासको मत परीक्षण गर्दा सभाध्यक्षको मत प्रयोग गरेर विश्वासको मत पाएको घोषणा गर्नु गैरसंवैधानिक भएको उल्लेख थियो।

नेपालको संविधानको धारा १६८ को उपधारा २ अनुसार गठन भएको सरकारले विश्वासको मत नपाएको हुँदा संविधानको धारा १६८ को ३ बमोजिम आफूलाई मुख्यमन्त्री नियुक्तिका लागि परमादेशको माग रिट निवेदनमा गरिएको छ।

## संसदीय...

पृष्ठ १ बाट जारी

देउवा कांग्रेस सभापति शेरबहादुर देउवापत्नी हुन्। अर्थ समितिको सभापतिमा ज्ञानेन्द्रबहादुर कार्कीदेखि विनोद चौधरीसम्मको चर्चा छ भने संसदीय सुनुवाइ समितिमा रमेशजंग रायमाझीको नाम चर्चामा छ।

एमालेको भागमा परेको लेखा समितिमा गोकुलप्रसाद बाँस्कोटाको नाम चर्चामा छ। यसैगरी महिला तथा सामाजिक मामिला समितिमा शोभा ज्ञवाली र शान्ति श्रेष्ठको नाम चर्चामा छ। राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन समिति पनि एमालेको भागमा परेको छ। समितिमा कसलाई अघि बढाउने विषयमा दलहरूले नाम गोप्य नै राखेको सांसदहरू बताउँछन्।

माओवादी केन्द्रले पूर्वाधार विकास समिति र कानुन, न्याय तथा मानवअधिकार समिति तथा नेकपा एकीकृत समाजवादीले शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति, जनता समाजवादी पार्टीले अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समिति र जनमत पार्टीले उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको नेतृत्व गर्ने भएको छ। एकीकृत समाजवादीले पाएको समितिमा भानुभक्त जोशी पार्टीबाट एक्ला सदस्य हुन्। त्यसैले उनी नै यस समितिमा सदस्य हुने एकीकृत समाजवादीले जनाएको छ। यसैगरी जनमतले पाएको समितिमा सोनु मुर्मु एक्ला सदस्य हुन्।

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

भदौ ८ गते २०८०, शुक्रबार

| | |
|---|---|
| **मेष** | महिला वा मित्रबाट विशेष सहयोग पाइनेछ। |
| **वृष** | दाम्पत्य सुखले प्रसन्न र प्रफुल्लित भइनेछ। |
| **मिथुन** | अभिभावकको आशीर्वादले काम गर्नसक्छ। |
| **कर्कट** | आँटेको र ताकेको कार्य पुरा होला। |
| **सिंह** | आज कुनै कुराले अनुहारमा चमक आउनेछ। |
| **कन्या** | राजनैतिक र सामाजिक कार्यमा सफलता मिल्नेछ। |
| **तुला** | नजिकको व्यक्तिबाट धोका पाइएला, सचेत रहनुहोला। |
| **वृश्चिक** | आफूसँग भएको क्षमता प्रदर्शन गर्ने अवसर जुट्ला। |
| **धनु** | काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ। |
| **मकर** | प्रणयसम्बन्ध र रतिराग बढाउने समय रहेको छ। |
| **कुम्भ** | सवारी साधन चलाउँदा वा बाटो काट्दा होस राख्नुपर्छ। |
| **मीन** | आज सद्विचारले अभिप्रेरित हुनेहरूलाई बिस्तारै लाभ हुनेछ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

भदौ ८ गते, २०८०, २५ अगस्ट, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३१.०० | १३१.६० |
| युरो | १ को | १४३.५० | १४४.१६ |
| पाउन्ड स्टिर्लङ | १ को | १६६.२५ | १६७.०१ |
| स्विस फ्रैन्क | १ को | १४६.२१ | १४६.८८ |
| अस्ट्रेलियन डलर | १ को | ८६.९२ | ८७.३२ |
| क्यानाडियन डलर | १ को | ९९.०३ | ९९.४९ |
| सिंगापुर डलर | १ को | ९६.९१ | ९७.३६ |
| जापानी येन | १० को | ९.०९ | ९.१३ |
| चिनियाँ युआन | १ को | १८.०८ | १८.१७ |
| साउदी अरब रियाल | १ को | ३४.९३ | ३५.०९ |
| कतारी रियाल | १ को | ३५.९५ | ३६.१२ |
| थाई भाट | १ को | ३.६८ | ३.७० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.६६ | ३५.८३ |
| मलेसियन रिङेट | १ को | २८.०४ | २८.१७ |
| दक्षिण कोरियन वन | १०० को | १०.०१ | १०.०५ |
| स्विडिस क्रोनर | १ को | १२.२० | १२.२५ |
| डेनिस क्रोनर | १ को | १९.२७ | १९.३६ |
| हङकङ डलर | १ को | १६.७२ | १६.८० |
| कुवेती दिनार | १ को | ४२६.३३ | ४२८.२८ |
| बहराइन दिनार | १ को | ३४७.४९ | ३४९.०८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

# हर्षोल्लासका साथ मनाइयो उज्याली गौरा एवं दुर्वाष्टमी पर्व

**काठमाडौं–** उमा महेश्वरसहित दुवोको पूजा गरेर कर्णाली र सुदूरपश्चिम प्रदेशवासीले बिहीबार उज्याली गौरा एवं दुर्वाष्टमी पर्व हर्षोल्लासका साथ मनाएका छन् । कर्णाली र सुदूरपश्चिम प्रदेशमा मूल घर भई काठमाडौं उपत्यकालगायत देशका अन्य भागमा बस्नेले पनि बिहीबार गौरा एवं दुर्वाष्टमी पर्व मनाएका हुन् । यो पर्व अगस्त्य ऋषिको उदय भाद्र शुक्ल पक्षअघि भएमा श्रावण शुक्लपक्षमै मनाउने धार्मिक विधि रहेको नेपाल पञ्चांग निर्णायक विकास समितिले जनाएको छ ।

यस वर्ष भदौ २२ गते अगस्त्य ऋषिको उदय हुने समितिले स्वीकृति दिएका पात्रो (पञ्चांग) मा उल्लेख छ । शुक्ल पक्षमा मनाइने गौरालाई उज्याली र कृष्ण पक्षमा मनाइने गौरालाई अँध्यारी भन्ने गरिन्छ । यसैले बिहीबार मनाइएको गौरालाई उज्याली भनिन्छ । पहिलोपटक व्रत बस्नेले भने शुक्ल पक्ष अर्थात् उज्याली गौराबाटै सुरु गर्नुपर्ने व्रत विधान छ । कन्या राशिमा सूर्य गएपछि अर्थात् असोज महिना लागेपछि पनि गौरा मनाउनुहुँदैन । सिंह राशिमा सूर्य भएका बेला अर्थात् भदौ महिनामा गौरा मनाउनुपर्ने मानसखण्ड, निर्णयसिन्धु, हेमाद्रिलगायत ग्रन्थमा उल्लेख गरिएको समितिका सदस्य एवं धर्मशास्त्रविद् प्रा.डा. देवमणि भट्टराईले जानकारी दिए ।

गौरालाई कर्णाली र सुदूरपश्चिम प्रदेश क्षेत्रका मानिसले ऐतिहासिक मौलिक पर्वका रूपमा लिने गरेका छन् । राजधानीमा पनि कर्णाली र सुदूरपश्चिम प्रदेश क्षेत्रका मानिसको बसोबास बढेसँगै यो पर्व यहाँ पनि धुमधामका साथ मनाउन थालिएको हो । सत्य युगमा हिमालय पुत्री पार्वतीले महादेव स्वामी पाऊँ भनी वर्षा ऋतुको भाद्र महिनामा जल, जंगल, जमिन र जनावरको डर नमानी तपस्या गरेपछि मनोकामना पूरा भएको सम्झनामा देशको पश्चिम क्षेत्रमा यो पर्व मनाउन सुरु गरिएको देउडा संस्कृतिविद् गायक नन्दकृष्ण जोशीले बताए ।



गौरा पूजा गर्नका लागि पाँच वनस्पति कुश, काँस, सामा (सौं), तीतेपाती र अपामार्ग कतै तिलको बिरुवा पनि राखेर देवीको आकार बनाउने गरिन्छ । यसरी बनाइएको देवीलाई श्रावण शुक्ल अष्टमीका दिन गाउँको सफा घरमा भित्र्याएर बर्तालुले निराहार बसी पूजा गर्ने परम्परा रहेको देउडा संस्कृतिविद् जोशीले बताए ।

देवीलाई गाउँका नायकले भित्र्याउनुपर्ने चलन छ । यसरी भित्र्याउँदा कसैले पनि हेर्नु नहुने मान्यता छ । गौरा भित्र्याउने घरमा जम्मा भएका गाउँलेले खोज्दा नभेट्ने गरी नायकले लैजान्छन् । यो पर्वका लागि यस वर्ष श्रावण शुक्ल पञ्चमीका दिन केराउ, जौ, मस्याङ, मास र गुराँसको गेडा भिजाएर राखिन्छ, यसलाई बिरुडा भनिन्छ । अष्टमीमा भगवतीलाई पूजा गरेर प्रसादका रूपमा बिरुडा चढाइन्छ । भक्तजनलाई पनि प्रसादका रूपमा बिरुडा नै बाँडिन्छ । पाँच किसिमका गेडागुडी भिजाउने दिनलाई बिरुडा पञ्चमी भनिएको हो ।

दुवोकोसमेत पूजा गरिने भएकाले यो अष्टमीलाई दुर्वाष्टमी पनि भनिन्छ । दुवो जसरी फैलिन्छ त्यसरी नै सन्तान दर सन्तान फैलिउन् भन्ने कामनाले यो पर्वमा उमा महेश्वरको पूजा, उपासना र व्रत समेत गरिने धार्मिक नियम छ । सन्तान राम्रा र गुण सम्पन्न हुन्, आयु तथा स्वास्थ्य राम्रो होस् भन्ने कामनाले पनि गौरा एवं दुर्वाष्टमी पर्व मनाइन्छ । यस दिन दुवो र गौराको पूजा गरे सौभाग्य, सन्तान प्राप्त हुने, कार्य सिद्धि हुने धर्म ग्रन्थ हेमाद्रिमा उल्लेख गरिएको छ ।

यो दिनमा सुदूरपश्चिमवासीले देउडा गीत गाएर नृत्य गरी रमाइलो गरेकामा विगतका वर्षमा भीड जम्मा भएर मनाउन कोरोनाका कारण सहज भएन । काठमाडौंको टुँडिखेलमा पनि यस दिन देउडा गीत र नृत्य गरी सुदूरपश्चिमवासीले मनोरञ्जन गर्ने गरेका छन् । यस वर्ष पनि टुँडिखेलमा गौरा पर्व मनाउने कर्णाली र सुदूरपश्चिम प्रदेशवासीको चहलपहल देखिएको थियो । *रासस*

# जमिनमा महिलाको स्वामित्व बढ्यो

**दाङ–** कुनै समय यस्तो थियो महिलाको नाममा घर जग्गा वा सम्पत्ति पास हुँदैनथ्यो । महिलाको नाममा सम्पत्ति राखे उनीहरू दोस्रो विवाह गरेर जान सक्छन् र श्रीमान् तथा परिवारका अन्य अभिभावकलाई हेप्ने गर्दछन् भन्नेसम्मको सोच हावी थियो । यसकारण महिलाका नाममा रहने सम्पत्ति भनेको माइतीबाट प्राप्त दाइजोमात्रै हुन्थ्यो ।

अविवाहिता छोरीलाई पनि अर्काको घर जाने जात भन्दै सम्पत्ति दिने चलन हुँदैनथ्यो । तर त्यो परम्परा अहिले भने तोडिएको छ । सरकारले महिलाको नाममा जग्गा पास गर्दा कर छुट दिने व्यवस्था गरेपछि जग्गामा महिलाको स्वामित्व बढ्दै गएको छ । त्यस्तै कानुनले पनि अंश र वंशमा महिलाको हक स्थापित गरेकै कारणले पनि पछिल्लो समय जग्गामा महिलाको स्वामित्व बढ्दै गएको हो ।

मालपोत कार्यालय तुलसीपुर दाङका अनुसार गत आर्थिक वर्ष २०७९/८० मा पाँच हजार ८११ जना महिलाले आफ्नो नाममा जग्गा पास गराएका छन् । यसमा सहरी क्षेत्रका चार हजार ५७३ जना र ग्रामीण क्षेत्रका एक हजार २३८ जना रहेको मालपोत कार्यालय तुलसीपुरकी सूचना अधिकारी लक्ष्मी तामाङले जानकारी दिइन् ।

उनका अनुसार महिलाका नाममा जग्गा पास गर्दा २३ करोड १४ लाख ४९ हजार ९८ रूपैयाँ राजस्व छुट भएको छ । त्यसैगरी आव २०७८/७९ मा सहरी क्षेत्रका पाँच हजार ९७२ र ग्रामीण क्षेत्रका एक हजार ८२७ गरी कूल सात हजार ७९९ जना महिलाका नाममा जग्गा पास गराउँदा आठ करोड ४५ लाख ४० हजार ४७६ रूपैयाँ राजस्व छुट भएको थियो ।

'कित्ताकाट बन्द हुनु, घरजग्गामा लगानी गर्नेको संख्या घट्नुजस्ता कारण जिल्लामा जग्गाको कारोबार घटे पनि जति लिखत पारित भए त्यसमा महिलाको पहुँच राम्रो छ,' उनले भने । आर्थिक वर्ष २०७७/७८ मा सहरी क्षेत्रका चार हजार ८९७ र ग्रामीण क्षेत्रका एक हजार ५०० गरी जम्मा पाँच हजार ९०२ महिलाको नाममा जग्गा पास हुँदा दुई करोड ८६ लाख १० हजार ७२३ रूपैयाँ राजस्व छुट भएको थियो ।

'हामी एकै रथका दुई पांग्रा हौं, श्रीमतीका नाममा जग्गा पास गर्दा राजस्वमा २५ प्रतिशत छुट पाइन्छ भने किन पास नगर्ने ? त्यसैले अहिले किन्न लागेको घर जग्गा श्रीमतीको नाममा पास गर्न लागेको छु,' तुलसीपुर उपमहानगरपालिका-६ का ५४ वर्षीय रामु चौधरीले भने ।

मालपोत कार्यालयमा आफ्नो नाममा जग्गा पास गर्न आउनुभएकी तुलसीपुर-१२ की ४१ वर्षीया विणा रेग्मीले आफ्नो नाममा जग्गा राख्दा सुरक्षित पनि हुने र राजस्वमा पनि छुट पाउने हुँदा अहिले किन्न लागेको घरबासको जग्गा पास गराउन लागेको बताए । *रासस*

# कोशीमा डेंगीबाट १४ को मृत्यु

**झापा (प्रस)–** डेंगी संक्रमणबाट कोशी प्रदेशमा हालसम्म १४ जनाको मृत्यु भएको छ भने २२ हजार २३७ संक्रमित भएका छन् ।

डेंगीबाट सबैभन्दा बढी सुनसरी जिल्ला प्रभावित बनेको छ । सुनसरीमा गत साउनदेखि हालसम्ममा १२ को मृत्यु भएको प्रदेश स्वास्थ्य निर्देशनालय धनकुटाका पब्लिक हेल्थ अधिकृत विवेचना चम्लागाईंले जानकारी दिए । उनका अनुसार यहाँ १५ हजार ९५२ जना संक्रमित भएका छन् । प्रदेशका १४ जिल्लामै डेंगी संक्रमण फैलिएको चम्लागाईंले बताए । उनका अनुसार मोरङमा तीन हजार ३६३ संक्रमित हुँदा एकको मृत्यु भएको छ भने झापामा एक हजार ४२० संक्रमित भएकामा एकको मृत्यु भएको छ ।

तराई, मधेस, पहाड र हिमाली सबै जिल्लामा डेंगी फैलिएको चम्लागाईंले बताए । 'विशेषगरी गर्मी र बर्खायाममा डेंगी फैलिने गरेको छ,' उनले भने, 'डेंगीका अधिकांश बिरामी एक महिनाभित्र फेला परेका हुन् ।' सुनसरीको बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका साथै अन्य जिल्लाका निजी तथा सरकारी अस्पतालहरूमा डेंगीका बिरामीको उपचार भइरहेको उनले जानकारी दिए ।

चम्लागाईंका अनुसार साउनदेखि हालसम्ममा तेह्रथुममा ११५, पाँचथरमा ४७, इलाम १६८, उदयपुर ४४९, धनकुटामा २६४, भोजपुरमा १५४, संखुवासभामा २६०, ओखलढुंगामा पाँच, ताप्लेजुङमा ३३, खोटाङ र सोलुखम्बुमा पाँच/पाँच जना डेंगीका बिरामी फेला परेका छन् ।

डेंगी संक्रमण फैलिएसँगै प्रदेशका सबै पालिकाले डेंगीको लार्भा खोजेर नष्ट गर्ने, औषधि छिट्ने तथा जनचेतनामूलक कार्यक्रम गर्दै आएका छन् । 'सामान्यभन्दा निकै तीव्र ज्वरो आउनु, खानाको स्वाद थाहा नहुनु, टाउको दुख्नु, आँखा र नाकबाट रगत बग्नुलगायत लक्षण देखिएका डेंगी भएको हुन सक्छ,' उनले भने ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FADIA AL-NABAA FOUNDATION

पूर्व स्वीकृति मिति २०८०/०५/०७ | LT. No. 291465 | चलानी नं. ६०२०६६७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load Unload Labour | 3 | 0 | 1000 | ३५,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ १५ गते (1st. Sep 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रू. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)**
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TEGAS SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०९/२६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/०७ | LT. No. 279108 | चलानी नं. ६०१९६९८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 40 | 0 | 1500 | ४२६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : ENG HAN ENGINEERING SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०७/२५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/०७ | LT. No. 275276 | चलानी नं. ६०१९१३७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 31 | 0 | 1500 | ४२६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : NIKKOLAC HOLDINGS SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०९/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/०७ | LT. No. 277827 | चलानी नं. ६०१९३७४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 9 | 0 | 1500 | ४२६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : ACACIA INDUSTRIES (KELANTAN) SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०१/३१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/०७ | LT. No. 285939 | चलानी नं. ६०२०१३९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL WORKER | 3 | 0 | 1500 | ४२६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ १५ गते (1st. Sep 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**AMCON OVERSEAS PVT. LTD** श्रम ईजाजत नं. ६८४/०६३/०६४
Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977
E-mail: amconoverseas123@gmail.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PRINCIPLED CONTRACTING AND CLEANING

पूर्व स्वीकृति मिति २०८०/०५/०७ | LT. No. 291458 | चलानी नं. ६०२०६६५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Foreman | 5 | 0 | 2500 | ९०,३८५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | General Supervisior | 10 | 0 | 2800 | १०१,२३० | | | | | | | |
| 3 | Labour | 8 | 0 | 1000 | ३६,१५५ | | | | | | | |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ १५ गते (1st. Sep 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GREATER VISION OVERSEAS PVT. LTD.** श्रम ईजाजत नं. २८२/०५८/०५९
Gaushala KTM, Nepal, Tel: 01 4575285, 01 4576016, Fax: +977-1-4469772


## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०५/०८ गते)

श्री शुभ राज श्रेष्ठको नातिनी, श्री अरुण राज श्रेष्ठको छोरी, श्री रुद्र प्रसाद न्हुच्छे प्रधानको पत्नी काठमाण्डौ महानगरपालिका वडा नं. २० मरुटोल स्थायी घर भई ललितपुर महानगरपालिका वडा नं ११ बस्ने उर्मिला न्हुछे प्रधानको मिति २०७५/०८/२८ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको बागबजार शाखामा रहेको श्री उर्मिला न्हुछे प्रधानको खाता नं २०४०१८६५१७८०००01 मा रहेको मौज्दात रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोरा रविन्द्र प्रसाद न्हुछे प्रधानले यस बैंकको बागबजार शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै कागज सहित यस बैंकको शाखा कार्यालय बागबजार, काठमाण्डौमा हकदावी गर्न आउनुहोला । म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय बागबजार, काठमाण्डौं फोन नं ०१-४२४६१०५

## Bulbule Multiple Campus

Pahalmanpur, Kailali
Established 2069B.S.(2012 A.D.)
Affiliated to Tribhuvan University

**INVITATION FOR ELECTRONIC BIDS**

*First Date of publication: 2080/05/08 (25/08/2023)*

1. Bulbule multiple Campus invites electronic bids from eligible bidders for the following project under national competitive bidding (NCB).
2. Eligible bidders may refer complete set of bid documents for the information at PPMO-eGP system *www.bolpatra.gov.np/egp* and official website for the campus *http://bulbulecampus.edu.np*

| S.No | Contract no./ ID | Description of Works | Total Estimated Amount (With Vat And Provisional Sum, NRs) | Bid Security Amount NRs. | Bid Document Fee(Non Refundable) NRs. |
|---|---|---|---|---|---|
| 1. | BMC/W/NCB/ 01/2080/81 | Construction Of Administrative Building | 79,22,533.61/- | 2,00,000/- | 3000/- |

## Invitation for Bids

**Tribeni Rural Municipality**
**Office of Rural Municipality Executive**
**Simrutu, Kharaneta Rukum (west)**
**Karnali Province, Nepal**

**INVITATION FOR BIDS**

**Invitation for Bids No: NCB/CBCM/01/2080/081**
***Date of Publication: 25-08-2023 12:00***

1. Tribeni Rural Municipality, Office of Rural Municipality Executive, Simrutu, Kharaneta Rukum (West) invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of Birthing Center (BMC-Brick Masonry in Cement Mortar) under National Competitive Bidding Procedures. The Estimated Amount for the works is Rs.(in Nrs) 5036990.96 (Excluding of VAT and contingencies)
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Tribeni Rura Municipality Rukum(west), or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. **Information to deposit the Cost of Bidding Document in Bank:**
   Name of the Bank: Laxmi Bank Limited, Tribeni Branch, Rukum(west)
   Name of office : Tribeni Rural Municipality Office Simrutu, Kharaneta, Rukum(west)
   Account No.: 08703000156
   Account Name: Rajaswa khata
   Price of Bid Document: **Nrs. 3000.00**
4. Bids must be submitted through e-GP system. Bids received after **12:00** hours on **24 September, 2023** will be rejected.
5. The bids will be opened in the presence of the Bidder's representatives who choose to attend at **13:00** hours on **24 September, 2023** at the office of **Tribeni Rural Municipality, Kharaneta-3, Rukum(west).**
6. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of **Nrs. 142500.00** which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of bid submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Other mandatory information as per Public Procurement Act 2063 and Public Procurement Regulation 2064.

**Chief Administrative Officer**
**Tribeni Rural Municipality**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### बाल सुधारगृह कि बिगारगृह ?

भक्तपुरमा रहेको बाल सुधारगृहमा भदौ ४ गते अचम्म लाग्दो दृश्य देखियो । सामाजिक सञ्जालमा बाल सुधारगृहमा रहेका बालबालिकाले प्रहरीलाई लखेटेको दृश्य छाएको छ । उनीहरूले सडकमा निस्केर गाडीसमेत तोडफोड गरेको र सडक अवरुद्ध पारेको दृश्य फेसबुकदेखि टिकटकमा छ्याप्छ्याप्ती भेटिन्छन् ।

१८ वर्ष नपुगेकाहरूले गम्भीर अपराध गरेमा उनीहरूलाई बाल सुधारगृहमा राख्ने कानुनी व्यवस्था छ । यस्तै अपराधमा भक्तपुरको मध्यपुरस्थित बाल सुधारगृहभित्र रहेका रामेछापका कमल बस्नेतको भदौ ३ गते मृत्यु भयो । तीन वर्षअघि २०७९ जेठ २९ गते जबरजस्ती करणी मुद्दामा सुधारगृहमा राखिएका बस्नेतको मृत्युलाई लिएर उनका आफन्त आक्रोशित हुँदै विरोधमा उत्रिएका थिए । रहस्यमय ढंगले मृत्यु भएको भन्दै उनका आफन्तले नाराबाजीसमेत गरेका थिए । त्यसपछि सुधार गृहका २५५ जना बन्दी बाहिर निस्किएर तोडफोडमा उत्रे । उनीहरूमध्ये २४८ जना सुधारगृहमा फर्किसकेका छन् भने सात जना फरार रहेको प्रहरीले जनाएको छ ।

यही घटनाबारे राष्ट्रिय मानवअधिकार आयोगले बालबालिकाको स्वास्थ्य, सुरक्षा एवं जीवनको अधिकारप्रति संवेदनशील हुँदै घटनाको निष्पक्ष अनुसन्धान गरी दोषीलाई कानुनी दायरामा ल्याउन आग्रह गरेको छ । आयोगले बाल सुधारगृहमा भयरहित वातावरणको सुनिश्चितता गर्न र त्यस प्रकारका घटना पुनः दोहोरिन नदिन सम्बद्ध सबै पक्षलाई आग्रहसमेत गरेको छ ।

आयोगले यसबारे सुधारगृहमा अनुगमनसमेत गरेको छ । अनुगमनका क्रममा आयोगले बाल सुधारगृहमा रहेका बालबालिका, बाल सुधारगृहको सुरक्षार्थ खटिएका सुरक्षाकर्मी, नेपाल प्रहरीबाट गठित छानबिन समिति तथा भक्तपुर जिल्ला सुरक्षा समितिबाट गठित छानबिन समितिका सदस्यसँग प्रत्यक्ष भेटी जानकारी लिनुका साथै बाल सुधारगृह परिसरको अवलोकन गरेको जनाइएको छ ।

सुधारगृहको व्यवस्थापनको जिम्मेवारी लिएको युसेप नेपालले आफ्नो नियन्त्रण र निगरानीमा राखिएका बिरामी बस्नेतको स्वास्थ्योपचारमा संवेदनशीलता नदेखाएको एवं सुधारगृहका कमाण्डरले आवश्यक समन्वय गर्न नसकेकाले सामान्य बिरामी परेका निज कमलको उपचार अभावमा मृत्यु भएको भन्दै बालबालिकाले विरोध गरेका थिए । बाल सुधारगृहका बालकको समूहले यही भदौ ४ गते ढुंगामुढा तथा तोडफोड गरी सुधार गृहबाट भागेको, भागेकामध्ये केही सम्पर्कमा आएको र अझै सात जना सम्पर्कमा आउन बाँकी रहेको अनुगमनबाट पाइएको आयोगले जनाएको छ ।

बन्दीको मृत्युपछि उत्पन्न परिस्थितिमा भएका उच्छृंखल व्यवहार प्रदर्शन हेर्दा सुधारगृहभन्दा कतै बिगारगृह हो कि भन्ने टिप्पणीसमेत धेरैले गर्न थालेका छन् । अपराध अभियोगमा सुधार गृहमा राखेकाहरू सुध्रेको यो घटनाबाट कतै पनि पुष्टि हुन्न । हरेक कोणबाट यो व्यवस्थापनको असफलता हो । यसैले यस विषयमा निष्पक्ष छानबिन गरी व्यवस्थापन पक्ष र त्यतिबेला खटिएका प्रहरीलाई कारबाहीको दायरामा ल्याउनुपर्छ ।

## मनन्योग्य

### चाणक्य नीति

'म तिमीलाई भोलि मगधको राजासिंहासनमा आसीन गराउन चाहन्छु, राज्यको रक्षाका लागि हृदय, बुद्धि र हातहरूमा बल ल्याउनुपर्छ ।'

'हेर राजाले सर्पसँग खेल्नुपर्छ । राजधर्म अत्यन्तै कठोर धर्म हो, राजाले मृत्युपछिमात्र कीर्ति पाउँछ । जो राजर्षि बनी देशको सेवा गर्छ गिद्धको जस्तो दृष्टि, सिंहको जस्तो साहस, इन्द्रियमा अनुशासन, रहस्य लुकाउने क्षमताजस्ता गुणहरू आफूमा सुरक्षित राख्नु आवश्यक पर्छ । राजाले बूढापाकासँगको सम्पर्कले आफ्नो आँखा खोल्न सक्नुपर्छ । आज राति तिमी सुत्नेछैनौ बिहानसम्म मेरा अर्थशास्त्रबाट राज्यव्यवहारको पाठ तिमीले सिक्नुपर्दछ ।'

एउटा अर्को कुरामा अरु ध्यान देऊ, राज्य पाउनु त्यति कठिन होइन जति त्यसको सुरक्षा गर्नु । राज-रस महजस्तो गुलियो र स्वादिलो हुँदैन विषपान गर्नु बराबर हो । जुन शासकले विषपान गरी अमृत ओकल्दछ( छाड्दछ) त्यही राजाले राज्यको सञ्चालन राम्ररी गर्न सक्छ ।

चाणक्य र चन्द्रगुप्तको बीच गोप्य कुरा भइरहेथ्यो । यत्तिकैमा कसैको आउने सूचनाको घन्टी बज्यो । चाणक्य सतर्क भए । विशेष यन्त्रले प्रमुख प्रहरीसँग आउन लागेको मानिसको रहेछ सोधे । प्रहरीले कुनै सिकारी आफ्नो नाउँ वनराज भन्ने बताउँछ भन्यो । पानी खतराबाट माथि छ, चाणक्यले सम्मानसहित लिएर आऊ भनी अह्राए । आउने व्यक्ति चाणक्यद्वारा प्रमुख गुप्तचर त्रिनेत्र थिए ।

षडयन्त्रको जाली बनाउने कहिलेकाही आफै जालोमा फस्न पुग्दछ भनेझैँ यहाँ पनि त्यस्तै नै भयो । राजवैद्यले आफ्नो प्यालाबाट चन्द्रगुप्तलाई औषधिको सट्टा विष पिलाउन लाग्दा ... त्यसैबखत 'रोक ...' आवाज सुनियो ।

यस्तो प्रभावशाली आवाज सुन्नासाथ चन्द्रगुप्त र राजवैद्य दुवै चकित पर्दै आवाज आएको ठाउतिर हेर्न लागे । उताबाट चाणक्य कोठाभित्र आउँदै थिए । 'गुरुदेव ! हजुर यहाँ ?' मलिनो स्वरमा चन्द्रगुप्तले भने । चाणक्यलाई आवश्यकताका प्रत्येक पलमा खडा पाउँछौ । चन्द्रगुप्त ! राजाले निद्रामा पनि बिउँझनुपर्छ । अस्वस्थ हुँदा पनि मस्तिष्कलाई चैतन्ययुक्त बनाउँदै तरोताजा हुनुपर्दछ । तर, म देख्दछु कि तिम्रो मस्तिष्क पनि थाकेजस्तो छ । यस्तो समयमा झन् बढी सतर्क हुनुपर्छ । तुरुन्त कसैलाई पनि भर-विश्वास गरिहाल्नुहुँदैन । यसले राजालाई हानि गर्दछ ।

# समाजको महारोग बन्दै छ भ्रष्टाचार



▸▸ कृष्णहरि बास्कोटा

> मुलुकमा सुशासन ऐन विद्यमान छ । यस ऐनका प्रमुख प्रावधानहरूमा कुनै पनि काम गर्दा निश्चित कार्यविधि अवलम्बन गर्ने, निश्चित समयमा निर्णय गर्ने, निर्णयको पारदर्शिता कायम गर्ने, निर्णयको आधार र कारण खुलाउने तथा स्वार्थ बाझिएको विषयमा निर्णय नगर्ने व्यवस्था छ । यसैगरी सार्वजनिक पदमा रहेकाले जिम्मेवारी नपन्छाउने, पदीय आचरण पालना गर्ने, पदीय उत्तरदायित्व निर्वाह गर्ने, क्षतिपूर्तिसहितको नागरिक बडापत्र राख्ने र घुम्ती सेवा सञ्चालन गर्ने व्यवस्था छ । यी कानुनी प्रावधानको हुबहु कार्यान्वयन गर्न सुशासन आयोग निर्माण गर्न जरूरी महसुस भएको छ ।

नेपालमा भ्रष्टाचार सामाजिक महारोगका रूपमा देखिएको छ । भ्रष्टाचारले समाजमा गहिरो रूपमा जरा गाडेको छ । यसले सामाजिक मान्यता पाएको आभाष हुनु निकै पीडादायी छ । यथार्थमा मुलुकमा सुशासन प्रवर्द्धन गर्न मुख्य अवरोधका रूपमा भ्रष्टाचार रहेको छ । यसका कारण भ्रष्टाचार नियन्त्रण गरी सुशासन, सदाचार र विधिको शासन कायम गर्न जारी भएका कानुनहरू कागजको खोस्टोसरह महसुस हुन थालेका छन् । भ्रष्टाचारका कारण राज्यको आर्थिक, सामाजिक, सांस्कृतिक एवं राजनीतिक क्षेत्रमा गहिरो ढंगले नकारात्मक असर परिरहेको छ ।

समाज विस्तारै आफ्नो मूल्य र मान्यताबाट स्खलित हुँदै गएको भान बढ्न थालेको छ । विशेषगरी, सार्वजनिक र निजी क्षेत्रमा भ्रष्टाचारले बलियो जरा गाडेर बसेको छ । यसमा गैरसरकारी संस्था पनि जोडिएलान् भन्ने भय छ । भ्रष्टाचार नैतिक मान्यता र मूल्यविपरीत त छँदै छ, यसले इमान्दारिता र विश्वासलाई निस्तेज तुल्याउँदै, पद, अधिकार र शक्तिको दुरूपयोगलाई मलजल गर्छ । यसले मुलुकमा स्थापित संघीय शासन प्रणाली, गणतन्त्र र लोकतन्त्रउपर नै प्रत्यक्ष र परोक्षरूपमा औंला उठाउने स्थानमा पुऱ्याउन खोजिरहेको छ । यसर्थ यसको समूल नष्ट गर्ने हिम्मत गर्नुको विकल्प छैन ।

नेपालले संयुक्त राष्ट्रसंघको सक्रिय सदस्य राष्ट्रको नाताले १४ डिसेम्बर सन् २००५ देखि लागू भएको भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिलाई २३ फेब्रुअरी सन् २०११ मा अनुमोदन गरी सो महासन्धिको पक्ष राष्ट्र बनेको छ । यसअनुसार नेपाल सरकारले भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको कार्यान्वयनसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजनासमेत निर्माण गरी कार्यान्वयनमा ल्याएको धेरै भयो । यसको कार्यान्वयनको समीक्षा गरी नयाँ कार्ययोजना पुनःलेखन गर्नुपर्ने अवस्था आएको छ । यदि हामी भ्रष्टाचार नियन्त्रणमा कठोर हुन सकेनौं भने भावी पुस्ताले ठूलो सजाय भोग्नेछन् ।

भ्रष्टाचार नियन्त्रणका लागि अदालत, संवैधानिक आयोग, नियामक निकाय र सरकारी कार्यालयहरू क्रियाशील छन् । यी निकायहरू भ्रष्टाचार नियन्त्रणका लागि निदानात्मक, उपचारात्मक, प्रवर्द्धनात्मक र संगठनात्मक क्षमता विकासमा लागिपरेका छन् । प्रत्यक्ष र परोक्षरूपमा यो विषयलाई स्कुल र कलेजको पाठ्यक्रममा समेट्न थालिएको छ । यो विषय विश्वव्यापी बहसमा छ । यसकै कारण सरकारहरू ढल्ने र नयाँ सरकार गठन हुने गरेका छन् । सदाचारिताबाटै कयौं पदाधिकारीले उचाइ लिएका छन् भनै कयौं प्रख्याति कमाएका मानिसहरू पनि भ्रष्टाचारमा संलग्न भएको कारण धुलोझैँ बढारिएका छन् । तथापि, आममानिसमा भ्रष्टाचार विरोधी ऊर्जा पैदा भइरहेको छैन । अवसर नपाउञ्जेल प्रायः धेरै मानिस सदाचारी देखिने र मौका आएपछि साख गुमाउनेको संख्या अत्यधिक देखिइनु समाजको विकृत रूप बनेको छ ।

नेपालको भ्रष्टाचारसम्बन्धी कानुनले सार्वजनिक पदमा बसेर रिसवत् लिने दिने, विनामूल्य वा कम मूल्यमा वस्तु वा सेवा लिने, दानदातव्य, उपहार वा चन्दा लिने, कमिसन लिने, राजस्व चुहावट गर्ने तथा गैरकानुनी लाभ वा हानि पुऱ्याउने बदनियतले काम गर्ने पदाधिकारीलाई भ्रष्टाचारमा कारबाही चलाउने व्यवस्था गरेको छ । यसैगरी गलत लिखत तयार गर्ने, गलत अनुवाद गर्ने, सरकारी कागजात सच्याउने तथा सरकारी, सार्वजनिक संस्थानको कागजात नोक्सान गर्नेलाई पनि भ्रष्टाचारमा संलग्न ठहर गर्दछ ।

यस अतिरिक्त, प्रश्नपत्रको गोपनीयता भंग गर्ने, परीक्षाको परिणाम फेरबदर गर्ने, गैरकानुनी व्यवसाय गर्ने, नपाएको ओहदा पाए भन्ने, झूठा विवरण दिने, सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गर्ने, गैरकानुनी दबाब दिने, गलत प्रतिवेदन दिने, गैरकानुनीरूपमा सम्पत्ति आर्जन गर्ने, भ्रष्टाचारको उद्योग गर्ने र भ्रष्टाचारमा मतियार हुनेलाई पनि भ्रष्टाचारमा कारबाही हुने प्रबन्ध गरेको छ । तर, यी हर्कत निजी क्षेत्र वा गैरसरकारी क्षेत्र वा नागरिक तहबाट भएमा भ्रष्टाचार नठहरिने उदेकलाग्दो कानुन विद्यमान छ ।

भ्रष्टाचारलाई निस्तेज गर्न सक्ने औजार सुशासन नै हो । सुशासनका तीन आयामहरू छन् । पहिलो, सुशासनलाई राजनीतिक परिवेशमा नियाल्दा अत्यधिक जनसहभागिता, निष्पक्ष निर्वाचन र बहुलतावाद नै प्रमुख तत्त्वका रूपमा देखापर्दछन् । दोस्रो, सुशासनको व्यवस्थापकीय आयामभित्र छरितो तर सक्षम सरकारको भावना मुखरित भएको हुन्छ । तेस्रो, सुशासनको नैतिक आयामभित्र पारदर्शिता र स्वच्छ प्रशासनको भावना लुकेको हुन्छ । यसलाई आत्मसात् गरी कार्यान्वयनमा खरो उत्रिन सके पनि भ्रष्टाचार अन्त्य गर्न सकिने थियो ।

मुलुकमा सुशासन ऐन विद्यमान छ । यस ऐनका प्रमुख प्रावधानहरूमा कुनै पनि काम गर्दा निश्चित कार्यविधि अवलम्बन गर्ने, निश्चित समयमा निर्णय गर्ने, निर्णयको पारदर्शिता कायम गर्ने, निर्णयको आधार र कारण खुलाउने तथा स्वार्थ बाझिएको विषयमा निर्णय नगर्ने व्यवस्था छ । यसैगरी सार्वजनिक पदमा रहेकाले जिम्मेवारी नपन्छाउने, पदीय आचरण पालना गर्ने, पदीय उत्तरदायित्व निर्वाह गर्ने, क्षतिपूर्तिसहितको नागरिक बडापत्र राख्ने र घुम्ती सेवा सञ्चालन गर्ने व्यवस्था छ । यस अतिरिक्त, सार्वजनिक सुनुवाइ गर्ने, गुनासो व्यवस्थापन गर्नेलगायतको प्रबन्ध गरेको छ । यी कानुनी प्रावधानको हुबहु कार्यान्वयन गर्न सुशासन आयोग निर्माण गर्न जरुरी महसुस भएको छ ।

भ्रष्टाचार न्यूनीकरण गर्नकै खातिर मुलुकमा सूचनाको हकसम्बन्धी ऐन पनि जारी भएको छ । यस ऐनका प्रमुख प्रावधानहरूमा प्रत्येक कार्यालयले आफूले सम्पादन गरेका कामहरू तीन/तीन महिनामा सार्वजनिक गर्ने, सूचना अधिकारी तोक्ने, नागरिकले माग गरेको सूचना कानुनको तोकिएको अवधिभित्र उपलब्ध गराउने र सूचना प्रवाहमा दक्षता अभिवृद्धि गर्न कर्मचारीलाई नियमितरूपमा तालिम कार्यक्रमको आयोजना गर्ने व्यवस्था छ ।

यसैगरी, सूचना प्रवाहका लागि आमसञ्चार माध्यमको प्रयोग गर्ने, नागरिकलाई अनुकूल हुने भाषामा सूचना प्रवाह गर्ने र सूचनाको हकमार्फत नागरिकले अनुभूति गरेका कुनै पनि विषयमा सोध्ने, जान्ने र सेवा प्राप्त गर्ने हकको प्रचलनमा आम नागरिकलाई अभ्यस्त तुल्याउने कानुनको मनसाय भए पनि सार्वजनिक पदाधिकारीहरू नै यस कानुनको खिलापमा उभिइनु हाकाहाकी भ्रष्टाचारको पक्षमा वकालत गर्नुसरह हो ।

ट्रान्सपरेन्सी इन्टरनेसनलले प्रत्येक वर्ष 'करप्सन परसेप्सन इन्डिकेटर' जारी गर्ने गरेको छ । यसमा नेपालले सयमा गत वर्ष ३४ अंक हासिल गरी विश्वमा भ्रष्टाचार नहुने मुलुकको पंक्तिमा ११०औं स्थान हासिल गरेको छ । यो परिणाम स्वयंमा भयावह छ । तर यसप्रति कम चासो दिइएको छ । यस संस्थाले मूलतः १० वटा सूचकांकका आधारमा भ्रष्टाचारको स्तर मापन गर्छ । यसअनुसार पहिलो, सरकारको उत्तरदायित्व हो अर्थात् सरकार जनताप्रति कति उत्तरदायी ढंगले प्रस्तुत हुन्छ भन्ने हो । दोस्रो, सरकारी कर्मचारीको जवाफदेहिताको स्थिति कस्तो छ ? तेस्रो, सार्वजनिक क्षेत्रमा विद्यमान भ्रष्टाचारको म्यापिङ भयो भएन ? भनी हेरिन्छ । चौथो, भ्रष्टाचारको मात्रा कुन हदमा छ भनेर जाँचिन्छ । पाँचौं भ्रष्टाचार विरोधी कारबाही कुन हदमा भइरहेको छ र उपलब्धि अपेक्षित छ छैन ? भनी विश्लेषण हुन्छ । छैटौं, सरकारी कारबाहीको प्रवृत्ति र नियन्त्रणकारी क्षमताको मापन गरिन्छ । सातौं, प्रशासनिक भ्रष्टाचारको स्थितिमाथि दृष्टि राखिन्छ । आठौं, सार्वजनिक पदको दुरूपयोगको स्थिति जाँच्ने काम हुन्छ । नवौं, सेवा प्रवाहमा अनिमियतताको स्थिति मूल्यांकन गरिन्छ । दशौं, अदालतको निर्णयमा पर्ने गरेको प्रभावबारे विश्लेषण हुन्छ । यति कुरामा सुधार गर्ने गरी कार्ययोजना निर्माण गरी वारपार हुने गरी काम गरिएमा भ्रष्टाचारको मात्रा ह्वात्तै तल ओर्लिने पक्का छ । यस्का लागि इच्छा शक्ति र काम गर्ने ढंगको जरुरत छ ।

नेपालमा दुई प्रकारका भ्रष्टाचार भइरहेका छन् । पहिलो पोलिसी करप्सन (नीतिगत भ्रष्टाचार) हो । यसलाई अधिकारको दुरूपयोग गरी गरिने भ्रष्टाचारका रूपमा बुझिन्छ । यसमा आफूलाई लाभ पुग्ने र राष्ट्रलाई नोक्सानी पुऱ्याइन्छ । विभिन्न नीतिद्वारा अमूक उद्योग र व्यापारको प्रवर्द्धनका नाममा छुट सुविधा घोषणा गरिन्छ । आफ्नालाई लाभ पुग्ने ध्येयले ऋण प्रवाह गर्ने, ब्याज माफी गर्ने लगायतको हर्कत गरिन्छ । अधिकार प्राप्त अधिकारीले स्वविवेकी अधिकारको दुरूपयोग गर्छन् । राष्ट्रको ढुकुटीबाट व्यक्तिलाई लाभ पुग्ने गरी राहत, अनुदान, सहायता दिन्छन् ।

दोस्रो, पेटी करप्सन (प्रत्यक्ष आर्थिक भ्रष्टाचार) हो । यसमा आर्थिक अनिमियतता गरिन्छ । सरकारी खरिदको बिलमा रकम वृद्धि गर्ने, खरिदमा मुलाहिजा गर्ने, कम गुणस्तरको सामान खरिद गर्ने, खरिदको संख्यामै कमी गर्ने लगायतका निकृष्ट कार्य गरिन्छ । मिलेमतोमा ठेक्का लगाइन्छ । सेवाग्राही जनतासँग रिसवत् लेनदेन गरी गैरकानुनी काम गरिन्छ । नागरिकबीच विभेद पुऱ्याइन्छ । हुने काम नहुने र नहुने काम हुने बनाइन्छ ।

यस्तो कार्य जन्मदेखि मृत्युपर्यन्तको क्रियाकलापमा हुन्छ । यसले मुलुकको अन्तर्राष्ट्रिय छवि धुमिल हुन्छ । सार्वजनिक पदाधिकारीप्रति आमजनताको आक्रोश बढ्छ । मुलुकको समृद्धिको यात्रालाई अघि बढ्न दिँदैन । यसर्थ, हामी सबैले आ-आफ्नो स्थानबाट भ्रष्टाचारको विपक्षमा मन, वचन र कर्मले खरो उत्रिनुको विकल्प छैन । *रासस*

*(लेखक नेपाल सरकारका पूर्वसचिव तथा राष्ट्रिय सूचना आयोगका पूर्वप्रमुख आयुक्त हुन्)*

## पत्र-मञ्जुषा

### महँगी र ठगीका मारमा जनता, सरकारलाई छैन वास्ता

आमसर्वसाधारण बढ्दो महँगीको मारमा छन् । हप्तैपिच्छे खाद्यान्नको मूल्य व्यापारीहरूले बढाएका छन् । मानिससँग न पैसा छ न रोजगारी । एकातिर सामानको मूल्य महँगो हुँदा अर्कोतिर गुणस्तरहीन र कम तौल हुन्छ । अहिले आमनागरिक भन्छन्, ' हामीले दिनको दुई छाक खान खाना छोडिसकेका छौं ।'

तर, सुगरले गर्दा नभई महँगीका कारण खाना खानसमेत छोडेको उनीहरूको भनाइ छ । करिब एक वर्षअघिसम्म मानिसहरू आफ्नै घरमा खाना पकाएर बाटोमा कुकुरलाई बाँड्ने गर्थे । घरमा धेरै खाना पकाएर खाइ नसकेर बाटोमा फचाल्थे । अहिले यसको ठीक विपरीत छ । मानिसहरू न कुकुरलाई खाना पकाएर दिन्छन् न अन्नको नास गर्छन् ।

त्यस्तै, दुई वर्षअघिसम्म मानिसहरूले हप्तैपिच्छेजसो नयाँ कपडा किन्ने गर्थे । दिनहुँजसो होटल, रेस्टुरेन्ट खाना खाजा खान गइरहन्थे । तर, अहिले उनीहरू एक वर्षदेखि नयाँ कपडा नकिनेको र होटल, रेस्टुरेन्ट जान पनि छोडिदिएको बताउँछन् । अहिले पेटभरि खाना खाने भनेको सरकारी कर्मचारी, नेता, व्यापारी हुन् ।

आमजनता महँगी र बेरोजगारीका कारण भोकै हिँड्छन्, भोकै सुत्छन् । तर, कति जनता खाना नपाएर भोकै सुतेका छन्, उपचार खर्च तिर्न नसकेर अस्पतालमा छटपटाइरहेका छन् भनेर प्रधानमन्त्री पुष्पकमल दाहाल, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र नेकपा एमालेका अध्यक्ष केपी ओलीलाई थाहा छैन ।

निजी संघसंस्था, होटल, रेस्टुरेन्ट, पसल तथा घरायसी काममा आबद्ध व्यक्तिहरूले महिनौं दिनदेखि तलब पाएका छैनन् । केही गरी काम गर्दागर्दै हातखुट्टा भाँचेरसमेत उपचारका लागि केही सहयोग गरिँदैन । उल्टै कामबाट निकालिन्छ । महिना नमरी घरधनीहरू भाडा माग्छन् । किराना पसलमा पैसा नदिइकन सामान दिइँदैन ।

अनि सार्वजनिक यातायातमा पनि लुटतन्त्र मच्चिएको छ । आधा किलोमिटर चढेमा २५ रूपैयाँ तिर्नुपर्छ । अनि जनता के गर्ने ? एकातर्फ रोजगारी छैन, अर्कातर्फ महँगीले सीमा नाघेको छ । हरेक क्षेत्रमा लुट मच्चिएको छ । सरकारले एउटा रेट तोक्छ तर व्यवसायीहरूले जनता ठग्नसमेत ठग्छन् ।

पछिल्लो समय व्यापार व्यवसायमा संलग्न व्यक्तिहरूसमेत डुबेको बताउँछन् । अझै कपडा पसल बढी डुबेको पाइन्छ । अहिले खाद्यान्न पसल भव्य चलेको छ । तर, कपडा पसल, हार्डवेयर पसलमा पूरै सुनसान छाएको छ । व्यापार ठप्पै भएको छ । व्यवसायीहरू लगानीसमेत नउठेपछि मर्नु कि बाँच्नु अवस्थामा पुगेका छन् । बजारमा आएको मन्दीले मुलुकको अर्थतन्त्रमासमेत नकारात्मक असर पारेको छ ।

बंगलादेश, पाकिस्तान र श्रीलंकाभन्दा पनि नेपालको अर्थतन्त्र नाजुक अवस्थामा पुगेको अधिकांशको भनाइ छ । बजारमा व्यापारीहरूले एउटै सामान ५० रूपैयाँदेखि ७०० रूपैयाँसम्म मूल्यवृद्धि गरेका छन् । उनीहरूले हप्तैपिच्छे सामानको मूल्य बढाउँछन् ।

यता, नेपाल आयल निगमले पेट्रोल, डिजेलको मूल्य घटाएमा सरकार सार्वजनिक यातायातको भाडा घटाउँदैन । घटाए पनि यातायात व्यवसायीहरू लागू गर्दैनन् । तर, निगमले पेट्रोल, डिजेलको मूल्य बढाउन नपाई सरकार सार्वजनिक यातायातको भाडा बढाउँछ । अनि व्यवसायीहरू त्योभन्दा दोब्बर भाडा यात्रुसँग असुल्छन् । यसरी तोकेकोभन्दा बढी भाडा दिने व्यवसायीलाई सरकार कारबाही गर्दैन । किनकि सम्बन्धित निकाय अनुगमन गर्ने जाँदैनन् ।

सरकार बजारमा जनता कहाँ र कसरी ठगिरहेका छन् ? भनेर अनुगमन गर्दैन किराना पसलदेखि औषधी पसलसम्म जनता ठगिएका छन् । तर, सरकारका सम्बन्धित निकायमा बस्ने पदाधिकारीहरू अनुगमन गर्न जाँदैनन् । केही गरी अनुगमन गर्न गइहाले पनि कारबाही गर्नुको साटो मेलमिलाप बढी हुन्छ ।

अहिले सञ्चालित माछा, मासु पसलहरू मापदण्डविपरीत छन् । व्यवसायीहरूले सरकारको नीति, नियम मानेका छैनन् । कहिलेदेखि सडाएर राखेको वा गलिसकेको माछामासु व्यापारीहरू बेचिरहेका छन् । त्यस्तै, बाटोमा जथाभावी चटपटे, पानीपुरी पसल सञ्चालन गरिरहेको छ ।

पछाडि फोहोरको डंगुर हुन्छ, अगाडि चटपट, पानीपुरी बेचिरहेको पाइन्छ । अनि यस्ता खानेकुरा मानिसको स्वास्थ्यका लागि कति फाइदाजनक ? सानादेखि ठूलठूला व्यापारीसमेतले आमसर्वसाधारण ठग्छन् । खान अयोग्य सामान महँगो मूल्यमा बेचेर उनीहरूले जनता त ठग्छन् नै सँगै मानवीय स्वास्थ्यमाथिसमेत खेलबाड गर्छन् ।

*रमेश खड्का, सिनामंगल*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# मनाङ सडक: साँझ खुल्यो बिहान अवरूद्ध

**मनाङ–** हिमाली जिल्ला मनाङ आउने एकमात्र सडक अवरुद्ध भएको छ । लमजुङको बेँसीसहर नगरपालिका-६ खरखरे, मर्स्याङ्दी गाउँपालिका-४ घोप्टेभिर, रामबजार र च्याम्चेमा पहिरो खस्दा बिहीबार बिहानैदेखि सडक अवरुद्ध भएको छ । धेरै स्थानमा पहिरो खसेकाले मनाङको मेरुदण्डको रूपमा रहेका बेँसीसहर-चामे सडक पूर्णरूपमा अवरुद्ध भएको डुम्रे-बेँसीसहर-चामे सडक आयोजना कार्यालयका सबइञ्जिनीयर सुमन अधिकारीले जानकारी दिए ।

उनका अनुसार सडक निर्माण गर्दैगर्दा माथिबाट पहिरो खस्ने समस्याले बाटो खुलाउनै मुस्किल भएको छ । सबइञ्जिनियर अधिकारीले भने, 'एक ठाउँमा सडक सरसफाइ गरिन्छ, अर्को स्थानमा पहिरो खसेर ट्र्याक नै बगाउने गरेको र वर्षाको समयमा भौगोलिक धरातल कमजोर रहेकाले सडक खुलाउन नपाउँदै अवरुद्ध हुने गरेको छ ।' धरातल कमजोर भएको अवस्थामा साँगुरो बाटोमा दुई सय मिटरमाथिबाट पहिरो खस्दा सडक खुलाउन नपाउँदै अवरुद्ध हुने गरको उनको भनाइ थियो ।

सबइञ्जिनियर अधिकारीले भने, 'मनाङ आउने एउटै मात्र सडक छ, यसमा पनि मुख्य सडकसँगै जोडिएर खोलिएका शाखा सडकका कारण समस्या हुने गरेको छ ।' मुख्य सडकसँग समन्वय नगरी खोलिएका शाखा सडकबाट आउने लेदोसहितको पानीले सडकमा समस्या हुँदै आएको छ । सडक अवरुद्ध हुँदा सवारीसाधन आवतजावत तथा सामान आपूर्तिमा समस्या भएको छ । यहाँको सडक पूर्णरूपमा ठप्प हुँदा मनाङ आउने पर्यटक, पथप्रदर्शक र कर्मचारीहरू बीच बाटोमै अलपत्रमा परेका छन् ।

छिनछिनमा सडक अवरुद्ध हुँदा मनाङका किसानले सास्ती भोग्नाका साथै स्याउ, आलु बिक्रीका लागि बजारसम्म पुऱ्याउन पनि समस्या भएको स्थानीय किसान सोलबहादुर गुरुङले बताए । उनले भने, 'किसानलाई सबैतिरबाट सास्ती भोग्नुपर्छ, सडकका कारण बारीमा फलेका स्याउ बिक्री गर्न बजारसम्म पुऱ्याउन सास्ती भएको छ, अर्डर आएको सामान समयमा बजारसम्म पुऱ्याउनै सकिदैन र आम्दानीभन्दा पनि सामान पुऱ्याउनमै खर्च बढी लाग्ने गरेको छ ।'

यहाँ उत्पादित स्याउ र आलु बिक्रीका लागि लमजुङ, पोखरा, काठमाडौं, चितवनलगायत देशका ठूला सहरबाट माग हुने गरे पनि उत्पादित वस्तु पुऱ्याउनुभन्दा बढी सामग्री ढुवानीमा खर्चनुपर्ने अवस्था यहाँका किसानले भोग्दै आएका छन् । *रासस*

# स्वास्थ्यलाई प्राथमिकतामा राख्दै स्थानीय तह

**बलेवा (बागलुङ)-** बागलुङका स्थानीय तहले नागरिकको स्वास्थ्यलाई प्राथमिकतामा राखेर पूर्वाधार तथा उपकरणको व्यवस्थापनमा ध्यान दिन थालेका छन् । स्थानीय तहले अत्यावश्यक स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक पूर्वाधार, उपकरण र स्रोत साधनको व्यवस्थापनमा स्थानीय तहले ध्यान दिन थालेका हुन् ।

गलकोट नगरपालिकाले सञ्चालनमा ल्याएको नगर अस्पताल चर्चामा छ । गलकोट र आसपासका बिरामीले अस्पतालबाट चिकित्सकसहितको सेवा लिइरहेका छन् । अस्पतालका लागि आवश्यक पूर्वाधार, प्रयोगशाला र चिकित्सककोसमेत व्यवस्था गरेर नगर अस्पताल सञ्चालनमा आएको हो । अस्पताल सञ्चालनमा आएदेखि नै दैनिक बिरामीको चाप बढ्दो क्रममा रहेको अस्पतालमा प्रमुख डा राजेश पौडेलले बताए ।

यसअघि गलकोट क्षेत्रका सर्वसाधारणलाई समान्य उपचारका लागिसमेत जिल्ला सदरमुकाम वा छिमेकी जिल्ला धाउनुपर्ने बाध्यता थियो । जैमिनी नगरपालिकाले सुविधासम्पन्न एम्बुलेन्स सञ्चालनको तयारी गरिरहेको छ । प्राथमिक स्वास्थ्य केन्द्र कुश्मीशेरामा प्रयोगशाला विस्तार र नगर अस्पताल सञ्चालनका लागि जग्गा व्यवस्थापन लगायतका काम भइरहेको नगर उप्रमुख हरिहर शर्मा बताउँछन् ।

कुश्मीशेरा प्राथमिक स्वास्थ्यचौकीको सुधार, विस्तार, चिकित्सकको व्यवस्थापन र पूर्वाधार विकासले त्यहाँ बिरामीको चाप छ । सदरमुकामसमेत रहेको बागलुङ नगरपालिका-१३ पैँयुपाटामा नगर अस्पताल सञ्चालनमा ल्याइएको छ । अस्पताल भवन निर्माणाधिन छ । नगरका हरेक वडामा प्रयोगशालासहित स्वास्थ्यकर्मीको सेवा विस्तार गर्ने योजना नगरपालिकाले अघि सारेको छ ।

'हामी नागरिकको स्वास्थ्यप्रति गम्भीर र संवेदनशील छौं,' नगरप्रमुख वसन्तकुमार श्रेष्ठले भने, 'कम्तीमा आधारभूत स्वास्थ्य सेवा सर्वसुलभ बनाउनै पर्छ ।' जिल्लाको निसीखोला गाउँपालिकाले सर्वसाधारणको स्वास्थ्यलाई मध्यनजर गरेर एम्बुलेन्स सेवा सञ्चालनमा ल्याएको छ ।

गाउँपालिकाले आव २०७९/८० को बजेटमा २० लाख १० हजार रूपैयाँ बजेट विनियोजन गरेर एम्बुलेन्स ल्याएको हो । यसअघि सो गाउँपालिका एम्बुलेन्सविहीन थियो । एम्बुलेन्स सञ्चालनका लागि कानुनी प्रक्रियाअनुसार अनुमति लिएर अगाडि बढ्ने र पालिकाले कार्यविधि तथा भाडादर निर्धारण गरेपछि एम्बुलेन्स सञ्चालन हुने गाउँपालिका अध्यक्ष सूर्यबहादुर घर्तीले बताए ।

बरेङ गाउँपालिकाले सामुदायिक फार्मेसीमार्फत नागरिकलाई घरघरमै सबैखाले रोगका औषधि उपलब्ध गराउँदै आएको छ । गाउँपालिकाका स्वास्थ्यचौकीमा आधारभूत तहको भिडियो एक्स-रे सञ्चालनमा ल्याएको गाउँपालिकाले स्वास्थ्यकर्मीको व्यवस्थापन र उपचार पद्धतिलाई प्राथमिकतामा राखेको छ ।

बडिगाड गाउँपालिकाले क्षयरोग, कुष्ठरोगजस्ता सरुवा रोगको खोजी र उपचार गर्ने कार्यलाई प्राथमिकतामा राखेर कार्यक्रम कार्यान्वयनमा ल्याएको छ । नागरिक स्वस्थ रहेमात्रै विकास हुने धारणा गाउँपालिका अध्यक्ष गण्डकी थापा अधिकारीले राख्ने गरेकी छन् ।

विकास भन्नेबित्तिकै सडक, भवनजस्ता संरचना सम्झिने परिपाटीलाई विस्तारै स्थानीय तहले स्वास्थ्य क्षेत्रको विकासलाई पनि ध्यान दिन थालेकामा स्वास्थ्यकर्मीले खुसी व्यक्त गर्छन् । जिल्लाका १० स्थानीय तहमध्ये अब केही स्थानीय तहमा एम्बुलेन्स सेवा छैन । बाँकी सबै स्थानीय तहमा एम्बुलेन्स सञ्चालनमा आउँदा नागरिकले आधारभूत स्वास्थ्य सेवा पाउनबाट बञ्चित हुन नपर्ने स्वास्थ्यकर्मी बताउँछन् । *रासस*

## कर्मचारी हटाईएको सम्बन्धी सूचना

यस DULSCO HUMAN RESOURCES PVT. LTD. (ई.प्र.नं. ५००/०६१/०६२) मा कार्यरत प्रिस्का श्रेष्ठ र गोविन्द वि.कले आफ्नो व्यक्तिगत काम विशेषका कारण राजीनामा दिनु भएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**Dulsco Human Resources Pvt. Ltd.** श्रम ईजाजत नं. ५००/०६१/०६२

Om Nagar-9, Sinamagal, Ktm, Nepal. Tel: +977-1-4111227, 4111228, 4111229, Fax: +977-1-4111230

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८०/०५/०८

यस कम्पनीको मिति २०८०/०४/१४ मा सम्पन्न बिशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **फरक ईनिसियटिभ्स प्रा.लि. (प्रा.लि. नं. १७९३२९** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०४/१५ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **फरकधार मिडिया प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०५/०८ गते)

यस कुमारी बैंक लिमिटेड (साबिक नेपाल क्रेडिट एण्ड कमर्श बैंक लि.)मा मिति २०७०/०५/२७ मा श्री न्हुच्छे रत्न शाक्य, आनन्द रत्न शाक्य, त्री रत्न शाक्य, सानुभाई शाक्य, श्रीरत्न शाक्य, चिनिया काजी शाक्य र प्रितम शाक्य ७ जनाको संयुक्त नाममा ०१४०००१४७४८० इ खाता संचालन भई आएकोमा सो मध्ये एक जना संचालक श्री भाजु बिर शाक्यको नाती, आसा काजी शाक्यको छोरा, छोरी मैया शाक्यको पति काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ७ घर भई हाल काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ७, चावहिल बस्ने चिनिया काजी शाक्यको मिति २०७७/०१/२६ मा मृत्यु भएकोले निज समेत ७ जनाको संयुक्त नाममा यस बैंकको चावहिल (चुच्चेपाटी) शाखामा रहेको बचत खाता नं. २१२०१६४०३९९००००१ (साबिक ०१४०००१४७४८० इ) मा मौज्दात रहेको रकम खाता संचालक मध्येका एक प्रितम शाक्यको खाता नं २१२०२१८८९९१००००१ मा जम्मा गरिदिनु भनी खाता संचालकहरुले मिति २०८०/०४/०७ मा यस बैंक शाखा चावहिल (चुच्चेपाटी) मा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय चावहिल (चुच्चेपाटी) वा प्रधान कार्यालय, टंगाल, काठमाण्डौमा हकदावी गर्न आउनुहोला । म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय चावहिल (चुच्चेपाटी) फोन नं. ०१-४४६१७७४/४४७६०६७

**नेपाल सरकार**
**उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिस्ट्रारको कार्यालय**

## हकदावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०७५/०४/२२ मा दर्ता भएको नं. १९५२७१ मा दर्ता भएको **रायन आयल स्टोर** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हकदावी नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ZEAL IT TRADING & CONTRACTING

पूर्व स्वीकृति मिति २०८०/०५/०७ | LT. No.291457 | चलानी नं. ६०२०६६५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen Clean Worker | 1 | 0 | 1000 | ३६,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter | 2 | 0 | 1100 | ४०,१२० | | | | | | | |
| 3 | Plaster Worker | 9 | 0 | 1100 | ४०,१२० | | | | | | | |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १५ गते (1st. Sep 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sunlight Recruitment Service Pvt.Ltd.**
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777
E-mail: info@sunlightrecruitment.com.np, sunlightrecruitmentservice@gmail.com
Website : www.sunlightrecruitment.com.np

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : YOOLA SECURITY CLEANING SERVICES LLC

पूर्व स्वीकृति मिति: २०८०/०५/०७ | LT. No. 291417 | चलानी नं. ६०२०६६७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Life Guards | 20 | 0 | 1500 | ५३,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Security Guards | 30 | 0 | 1500 | ५३,५७५ | | | | | | | |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १५ गते (1st. Sep 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SPACE HR SOLUTIONS PVT.LTD**
श्रम ईजाजत नं. २०७१/०७९/८०
Ranibari-26, Samakhusi Kathmandu; Tel: 01-4357449, Whatsapp No.: 9803003599
E-mail: info@spacehrsolution.com, Web: www.spacehrsolution.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : COFFEE CORNER FOUNDATION TO PROVIDE DRINKS

पूर्व स्वीकृति मिति: २०८०/०५/०७ | LT. No.291456 | चलानी नं. ६०२०६६६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tea And Coffee Maker | 1 | 0 | 1400 | ४९,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १५ गते (1st. Sep 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sky Blue International Overseas Pvt.ltd.**
Govt. License 1462/074/075
Sinamangal, Kathmandu, Nepal,Phone : +977 1 4592660
skyblueintloverseas@gmail.com, www.skyblueintl.com.np

## साउदी/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RAKAN ABDULALI BIN ALJITHA TRADING EST.

पूर्व स्वीकृति मिति २०८०/०४/०८ | LT. No. 289867 | चलानी नं. ६०२०६६८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Worker | 1 | 0 | 1300 | ४५,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Al Taif Cleaning & Hospitality Co.

पुर्व स्वीकृति मिति २०८०/०४/०८ | LT. No. 291434 | चलानी नं. ६०२०६६९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | bell man | 2 | 0 | 1000 | ३६२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | GENERAL CLEAN WORKER | 3 | 3 | 1000 | ३६२६५ | | | | | | | |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १५ गते (1st. Sep 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**National Exports Manpower Consultant Pvt. Ltd.**
Govt. Licence No.: 1312/074/75
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4233652
E-mail : nationalexportsmc@gmail.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी: MOHAMMED AHMED AL-FAISAL COMPANY TRADING, SERVICES AND CONTRACTING

पूर्व स्वीकृति मिति २०८०/०५/०७ | LT. No.291473 | चलानी नं. ६०२०६६६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Cleaner | 0 | 8 | 1000 | ३६,१५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १५ गते (1st. Sep 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SAAD OVERSEAS PVT.LTD.**
श्रम ईजाजत नं. 1587/079/80
Sundar Marg, Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5905860, 5905859, Email: - saadoverseas25@gmail.com

## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TAKAMUL SERVICES CO (TASCO) WLL

पूर्व स्वीकृति मिति २०८०/०५/०७ | LT. No. 291478 | चलानी नं. ६०२०६६६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 50 | 0 | 100 | ३४,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १५ गते (1st. Sep. 2023) मा हुनेछ ।
अन्तरवार्ता हुने स्थान: रूपन्देही, बुट्वल, ट्राफिक चोक ८ मा मिति: २०८० भदौ १७ गते (3rd. Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Proficient Employment Services Pvt.Ltd**
श्रम ईजाजत नं. १५८२/०७९/८०
KMC-26, Samakhushi, KTM, Contact: 977-5918725/4970500/4970600

## रोमानियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : DACCA WORKING DALEFLO SRL

पूर्व स्वीकृति मिति २०७९/०३/१४ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०५/०७ | LT. No.265863 | चलानी नं. ६०१८६०३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव USD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 20 | 0 | 650 | ८३,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cook Helper | 30 | 0 | 550 | ७०,२५० | | | | | | | |
| 3 | General Worker | 34 | 9 | 550 | ७०,२५० | | | | | | | |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १५ गते (1st. Sep 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** ४०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।**

**Paradeshi Overseas Services Pvt. Ltd.**
Govt. License 387/059/060
Chondol, Gitanjali Marga 04, Kathmandu, Nepal
Tel: +977 1 4418252, Fax: +977 1 4480765
Email: paradeshiservices@gmail.com
Website: www.paradeshioverseas.com

## साउदी अरेबियामा रोजगारको अवसर

कम्पनी: ABID ALI AL HABASHI CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०८०/०२/२४ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/०५/०७ | LT. No.287395 | चलानी नं. ६०२०२७२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 5 | 0 | 1000 | ३५,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १५ गते (1st. Sep 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Nasser Outsourcing Consultants Pvt. Ltd.**
श्रम ईजाजत नं. ६१९/०६३/०६४
Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org

प्रभाव दैनिक

रूपशाला

## पाउजु बजाउँदै सार्वजनिक

हरितालिका तीज नजिकिँदै गर्दा लोकप्रिय गयिका सहिमा श्रेष्ठ र वसन्त प्रकृतिले आफ्ना दर्शक तथा श्रोताका लागि तीजको कोसेली स्वरूप 'पाउजु बजाउदैं' पस्केका छन् । श्रष्टा अमर वन्तुको शब्द, किर्तिमानी संगीतकार सन्तोष श्रेष्ठको संगीतमा 'पाउजु बजाउदैं' बोलको तीज गीतमा सहिमा श्रेष्ठ, तेजुला खतिवडा, सजिना श्रेष्ठ, अभिशेष खड्का, नरेश बीर सिंहको अभिनय रहेको छ भने निर्देशन स्मृति तिमलसिनाले गरेका हुन् । भिडियो गायिका सहिमा श्रेष्ठको आफ्नै युट्युव च्यानलबाट सार्वजनिक गरिएको हो ।



शुक्रबार, ०८ भदौ २०८० (Friday, August 25, 2023)

# अन्तर्राष्ट्रिय बजारमा नेपाली चलचित्र







**काठमाडौं–** पछिल्लो समय नेपाली चलचित्रले लगानी उठाउने मात्र नभई विदेशी बजारबाट मुनाफा पनि प्राप्त गर्न थालेका छन् । नेपालका राम्रा र प्रतिष्ठित समूहले निर्माण गरेका चलचित्रलाई विदेशमा रहेका दर्शकले पनि हेर्न थालेपछि नेपाली चलचित्रको बजार विस्तार हुनुका साथै मुनाफा कमाउन थालेका हुन् ।

पछिल्लो समय प्रविधिको विकास भएसँगै नेपालमा प्रदर्शन भएकै दिन उक्त चलचित्रले विदेशमासमेत प्रदर्शनको अवसर पाउन थालेका छन् । यसले नेपाली चलचित्रको अन्तर्राष्ट्रियबजार बलियो बनाउनुका साथै दर्शकसमेत बढाइरहेको छ । मौलिक कथा र कलात्मक प्रस्तुति रहेका नेपाली चलचित्रका लागि अष्ट्रेलिया, अमेरिका, जापान, बेलायतलगायत देशमा बजार बढिरहेको छ । कुनै समय रेस्टुराँ वा सामुदायिक भवनमा प्रदर्शन हुने ती चलचित्र अहिले विदेशी चलचित्र जसरी नै चलचित्र भवनमै दर्शकले हेर्न पाउँछन् ।

दर्शकले व्यक्तिगतरूपमा चलचित्र भवन भाडामा लिएर प्रदर्शनी गर्ने शैलीमा परिवर्तन आएको अमेरिकास्थित नेपाली चलचित्र प्रदर्शन गर्ने कम्पनी नेपाल इलाभेन इन्टरटेनमेन्ट एलएलसीका निर्देशक प्रतीक सुवेदीले बताए ।

'बुक गरेर प्रदर्शन गर्दा पर्ने शुल्क झन्डै सामान्यको तुलनामा दोब्बर हुन्छ । यसको सम्पूर्ण व्यवस्थापन प्रदर्शक स्वयंले गर्नुपर्छ', उनले भने, 'बक्स अफिसमा प्रदर्शन गर्दा हामीलाई त्यो झन्झट भने हुँदैन ।' 'प्रेम गीत ३', 'महापुरुष', 'जारी'लगायत चलचित्र नियमितरूपमै प्रदर्शन भएपछि अन्यलाई पनि हौसला मिलेको प्रदर्शक सुवेदीले बताए ।

अष्ट्रेलियामा समेत केही नेपाली चलचित्र नियमित प्रदर्शन भएका छन् । यो क्रम विस्तारै बढ्ने स्थानीय वितरक विनोद पौडेलले बताए । 'यहाँ नेपाली चलचित्रको राम्रो बजार बनिरहेको छ । नेपालका केही चलचित्र छायाङ्कन नहुँदै यहाँ प्रदर्शन गर्ने अधिकार हामीले खरिद गरिसकेका हुन्छौँ', उनले भने, 'हामीले नेपालमा छायाङ्कन हुँदै गरेका र केही लेखनकै क्रममा रहेका चलचित्रको प्रदर्शन अधिकार खरिद गरेका छौँ । निर्माण समूहका पछिल्ला चलचित्रले यहाँ गरेको व्यापारका आधारमा विदेश प्रदर्शन अधिकार खरिद गर्ने गरेका छौँ ।'

अन्तर्राष्ट्रिय बजारमा छक्का पञ्जा, कबड्डी, जात्रालगायत समूहले निर्माण गर्ने चलचित्र निर्माणपूर्व नै बिक्री हुने वितरक पौडेलको भनाइ थियो । निर्देशक रामबाबु गुरुङले आफूले निर्माण गर्न लागेको आगामी दुई चलचित्रको विदेश प्रदर्शन अधिकार लगभग बिक्री भइसकेको जानकारी दिए । 'हाम्रो पछिल्लो चलचित्रले गरेको व्यापारकै आधारमा हुनसक्छ । नेपाली चलचित्रले बजार विस्तारसँगै कला र संस्कृतिलाई पनि प्रवासी नेपालीसमक्ष पुऱ्याइरहेको छ', उनले भने ।

नेपालमा प्रतिष्ठित समूहले निर्माण गर्ने चलचित्रको प्रदर्शन मिति नजिक हुँदा अन्तर्राष्ट्रिय बजारलाई भने असर पार्ने वितरक छत्र थापाले बताए । अष्ट्रेलियामा रहेर केही समययता नेपालबाहेक विश्व प्रदर्शन अधिकार खरिद गरिरहेका वितरक थापाले भइरहेको बजार बलियो बनाउन सहकार्य आवश्यक रहेकामा जोड दिए ।

'यहाँ एउटा चलचित्रको राम्रोसँग प्रदर्शन हुन दुई महिनाको समय चाहिन्छ । त्यो हिसाबमा एक वर्षमा छ चलचित्र भए राम्रो हुन्छ । त्यस्तो हुन नसके बजारलाई असर गर्न सक्छ', वितरक थापाले भने, 'हामीले नयाँ बजार खोज्नु जरुरी छ । अहिले भइरहेको बजार अवस्थामा चलचित्र प्रदर्शन भइरहेका छन् ।'

'दिमाग खराब', 'हात्तीछाप', 'घर ज्वाइँ', 'महाजात्रा' जस्ता चलचित्रको विश्व प्रदर्शन अधिकार खरिद गरेको उनले जानकारी दिए । 'यहाँ दर्शकले खोजिरहनुभएको चलचित्र प्रदर्शनमा सहज हुन्छ । त्यसैले चलचित्रलाई कलाकार र निर्माण समूहकै आधारमा खरिद गर्ने गरेका छौँ', उनले भने ।

विदेशमा नेपाली चलचित्रको बजार बढेको सन्दर्भ जति तारिफयोग्य छ, त्यति नै नेपालमै बजार विस्तार नहुनु दुःखद् रहेको वितरक थापाको भनाइ थियो । अहिले पनि तराईमा नेपाली चलचित्रको बजार राम्रो छैन । वीरगन्ज, मलङ्गवा, जनकपुरलगायतका बजारबाट भोजपुर र हिन्दी भाषाको विदेशी चलचित्रले गर्ने व्यापारको तुलनामा नेपालीको न्यून छ ।

उक्त स्थानमा नेपाली चलचित्र प्रदर्शन हुनु नै अझै ठूलो विषय बनिरहेको वितरक बताउँछन् । बजार विस्तारका लागि विदेशसम्म पुगेर गरिने प्रवर्द्धनात्मक कार्यक्रम ती स्थानमा गर्न सके घरेलु बजारको आकार बढ्नेमा दुईमत छैन । *रासस*

# गायनमा सिम्रनको चर्चा

■ **प्रभाव संवाददाता**



**गलकोट–** गीतसङ्गीत क्षेत्रमा हालैमात्र एकाएक चर्चामा आएको नाम हो सिम्रन परियार । १८ वर्षीया गायिका परियारले एक हप्तामै १४ गीत मात्रै रेकर्ड गराइनन्, अधिकांश गीतले चर्चा कमाएको छ ।

मुटुमै घाउ छ...', 'ए साइँला परेली भित्र', 'पानी परेको' गीत चर्चामा छन् । विद्यामन्दिर माध्यमिक विद्यालयमा कक्षा १२ मा विज्ञान विषयमा अध्ययनरत बागलुङ नगरपालिका-६ तिनतलेकी परियारको स्वरले यतिबेला सबैको ध्यान तानेको छ ।

'गायनसँगै पढाइलाई निरन्तरता काठमाडौंबाट बागलुङ फर्केकी छु', परियारले भने, 'विद्यालय र बागलुङ नगरपालिकाको सम्मानले थप उत्साहित भएकी छु, पढाइसँगै गायन क्षेत्रलाई अगाडि बढाउने उद्देश्य छ ।'

कक्षा पाँच पढ्दादेखि नै गीत गाउन सुरु गरेको परियार बताउँछन् । 'विभिन्न सर्जकले गीत आउने अवसर दिन थाल्नुभएको छ', उनले भने । परियारले भोजराज थापाको सहयोगमा गीत रेकर्ड गर्न सफल भएको बताए । केही दिनअघिसम्म गाउँघरमै सीमित उनको पहिले गीत नै चर्चामा छ । गायक प्रमोद खरेलसितको स्वरको 'उसलाई पाउन २' को गीत शुक्रबार मात्र सार्वजनिक भएको थियो ।

सामाजिक सञ्जालमार्फत प्रतिभा बाहिर ल्याएर चर्चामा रहेकी गायिका परियारलाई गृह नगर बागलुङ नगरपालिकाले हालै रु ३० हजार नगदसहित सम्मान गरेको छ । उनी पहिलोपटक स्टेज शो कार्यक्रमसमेत गर्न सफल भएकी छिन् । यही भदौ ५ गते दोस्रो हरेलो मेलामा परियारले आफ्नो गीत प्रस्तुत गरेकी थिइन् । उनको स्वरलाई धेरै श्रोताले रुचाएका छन् । परियारका केही गीत सार्वजनिक हुन बाँकी छन् ।

परियारले 'फूलथुङे रानी...', 'नाता टुट्यो पराइ भइगयो...', 'तिम्रो नै माया लाग्दछ साइँला...', 'फोटो फिरेममा...', 'फूलमया...', 'तीनपाते...', 'आफ्नो आफ्नो दुःख...', 'तिमीबिना कसले बुझ्छ र...' बोलका गीत गाएकी छिन् । 'मलाई गीत गाउने पहिलो अवसर गायक सुनिल बिसीले दिनुभएको हो', उनले भनिन् । गायक प्रमोद खरेलको गीत आफुलाई औधी मनपर्ने परियारको भनाइ छ । 'खरेलसँगै गीत गाउने अवसर पाउँदा खुसी लागेको छ', उनले भनिन् । खरेलले साङ्गीतिक शिक्षा लिन आग्रह गरेको परियारले सुनाइन् । गायनलाई निरन्तरता दिन प्रधानाध्यापक छविरमण रेग्मीले समेत परियारलाई सुझाव दिएका छन् ।

रंगशाला

**एसिया कप**

# कराँचीमा नेपालको तयारी



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** पहिलो पटक एसिया कप क्रिकेट प्रतियोगिता खेल्न बुधबार पाकिस्तान पुगेको नेपाली टोलीले बिहीबारदेखि कराँचीमा नियमिति अभ्यास थालेको छ । नेपाली टोलीले एसिया कपका लागि केही दिन कराँचीमै रहेर अभ्यास गर्नेछ ।

कराँचीमा रहँदा नेपाली टोलीले स्थानीय टोलीसँग अभ्यास खेल पनि खेल्ने कार्यक्रम रहेको छ । पाकिस्तानी सञ्चारमाध्यमले जनाएअनुसार, नेपाली टोलीले बिहीबार कराँचीस्थित हनिफ मोहम्मद हाई प्रफरमेन्स सेन्टमा अभ्यास गरेको हो । पाकिस्तान क्रिकेटको फेसबुक पेजमा नेपाली टोलीले अभ्यास गरिरहेको तस्बिरहरू पनि पोष्ट गरिएको छ ।

स्थानीय टोलीसँग अभ्यास खेल खेलेर नेपाली टोली अगस्त २७ मा एसिया कपको उद्घाटन खेल खेल्न मुल्तान प्रस्थान गर्नेछ । एसिया कपमा नेपाली टोलीले आफ्नो पहिलो खेल अगस्त ३० मा आयोजक पाकिस्तानसँग खेल्नेछ । उक्त खेल पाकिस्तानको मुल्तान क्रिकेट रंगशालामा खेलिने छ ।

एसिया कपमा नेपाली टोली समूह 'ए' मा छ । उक्त समूहमा नेपाल र पाकिस्तानका अतिरिक्त भारत पनि रहेको छ । नेपालले भारतसँगको खेल भने श्रीलंकाको केन्डीमा खेल्नेछ । उक्त खेल सेप्टेम्बर ४ मा खेलिने छ । त्यसअघि सेप्टेम्बर २ मा श्रीलंकाको केन्डीमै भारत र पाकिस्तानबीच भिडन्त हुनेछ । एसिया कपको समूह 'बी' मा श्रीलंका, बंगलादेश र अफगानिस्तान रहेका छन् ।

एसिया कपका लागि घोषित नेपाली टोलीमा रोहित पौडेल (कप्तान), आशिफ शेख (विकेटकिपर), कुशल भुर्तेल, ललित राजवंशी, भीम सार्की, कुशल मल्ल, दिपेन्द्रसिंह ऐरी, सन्दीप लामिछाने, करण केसी, गुल्सन झा, आरिफ शेख, सोमपाल कामी, प्रतिस जीसी, किशोर महतो, सन्दीप जोरा, अर्जुन साउद र श्याम ढकाल रहेका छन् । तर, प्रभावशाली स्पिनर सन्दीप लामिछाने भने टोलीका अन्य खेलाडीसँग पाकिस्तान गएका छैनन् । उनी आगामी आइतबार एसिया कप खेल्न पाकिस्तान प्रस्थान गर्ने सम्भावना छ । नेपाली टोलीको प्रशिक्षकमा मोन्टी देसाई रहेका छन् ।

# ५५ औं एसियाली शारीरिक सुगठन प्रतियोगिता भदौ तेस्रो साता




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाल शारीरिक सुगठन तथा फिटनेस् महासंघको आयोजनामा हुने ५५ औं एसियाली शारीरिक सुगठन तथा फिजिक्स स्पोर्टस् प्रतियोगिता भाद्र १५ गते बाट काठमाडौंमा हुने भएको छ ।

नेपालमा पहिलो पटक अहिले सम्मकै ठुलो रहेको प्रतियोगितामा एसियाली राष्ट्रका २५ मुलुकका‌ले प्रतिस्पर्धामा सहभागिता जनाउने बुधबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराईयो । दरवारमार्गस्थित याक एण्ड यती होटलमा करिव ३०० खेलाडीहरूले पुरुष तर्फ २८, महिला तर्फ १६ र मिक्स १ गरि ४५ विधामा प्रतिस्पर्धा गर्ने आयोजकले जनाएका छन् ।

सात दिन सम्म संचालन हुने प्रतियोगिताको पहिलो दिन १५ गते प्रतिस्पर्धी सवै देशका खेलाडी तथा अफिसियलहरू काठमाण्डौ आईपुग्ने र दर्ता कार्य हुने । दोश्रो दिन १६ गते मेनेजर्स मिटिङ्ग, निर्णायक मिटिङ्ग, डोपिङ्ग सेमिनार तथा एसियाली कंग्रेसको आयोजना हुने छ । यस्तै तेश्रो दिन १७ गते खेलाडीहरूको तौल तथा हाईट मेजरमेन्ट र उमेर समूहको जाँच गर्ने कार्य हुनेछ ।

चौथो दिन १८ गते प्रतियोगिताको उद्घाटनका साथै १६ वटा विधामा प्रतिस्पर्धा हुने छ । जसमा पहिलो दिन नेपाली १४ खेलाडीहरूले ८ वटा समूहमा प्रतिस्पर्धा गर्नेछन् । यस्तै १९ गते २० वटा विधामा प्रतिस्पर्धा हुने र २४ नेपाली खेलाडीहरूले १७ वटा समूहमा प्रतिस्पर्धा गर्नेछन् । २० गते ९ वटा विधामा प्रतिस्पर्धा हुने र ५ जना नेपाली खेलाडीहरूले ४ वटा समूहमा प्रतिस्पर्धा गर्नेछन् ।

प्रत्येक दिनको खेल पश्चात नतिजा प्रकाशन हुने छ । प्रतियोगिताको अन्तिम दिन शारीरिक सुगठन तर्फको ५५, ६०, ६५, ७०, ७५, ८०, ८५, ९०, १०० र ११० केजी गरि १० समूहका प्रथम स्थान प्राप्त गर्ने खेलाडीहरूविच प्रतिस्पर्धा गराई सर्वोत्कृष्ट हुने खेलाडीलाई मि. एसिया २०२३ घोषित गरिने छ । यस्तै सम्पूर्ण प्रतिस्पर्धाबाट मेडलका आधारमा शिर्ष तीन स्थान प्राप्त गर्ने ३ देशलाई च्याम्पियनसिपको प्रथम, द्वितीय र तृतीय घोषित गरिने छ ।

मनकामना केवल कारको प्रमुख प्रायोजनमा हुने प्रतियोगितामा राष्ट्रिय खेलकुद परिषद्, नेपाल टुरिजम बोर्ड, एभरेष्ट बैंक, नेपाल ईन्भेष्टमेन्ट मेघा बैंक, महालक्ष्मी विकास बैंक, पञ्चकन्या ग्रुप, केटिएम सिटी, सिद्धार्थ प्रिमियम इन्सुरेन्स, सरगमाथा लुम्बिनी इन्सुरेन्स, शिखर इन्सुरेन्स, सिएफएस रेमिट आदिको विशेष सहयोग रहने आयोजकले जनाएका छन् ।

प्रतियोगिताको आधिकारीक होटलमा याक एण्ड यती र र्‍याडिसन होटल रहेको छ भने प्रतियोगिताको काष्टमण्डप टेलिभिजन र मेरो फिटनेशले फेसबुक लाईभ गर्नेछन् । प्रतियोगिताको इभेन्ट म्यानेजमेन्टमा फुनोलोजिक सोलुसन रहेको छ ।

## नेयमार भारत आउँदै

**काठमाडौं (एजेन्सी)–** स्टार फुटबलर नेयमार भारत आउने भएका छन् । यसै सिजन साउदी क्लब अल हिलालमा अनुबन्ध भएका ब्राजिलियन फवार्ड नेयमार एएफसी च्याम्पियन्स लिग खेल्न भारतको पुने आउने भएका हुन् । एएफसीले बिहिबार गरेको समूह विभाजनमा नेयमारको क्लब अल हिलाल समूह 'डी' मा भारतको मुम्बइ सिटी एफसीसँगै एकै परेको छ ।

एकै समूहमा परेपश्चात आफ्नो अबे खेल खेल्न नेयमार भारत आउने भएका हुन् । समूह डी मा उज्वेकिस्तानको नाभबाहोर नमाङगन र इरानियन क्लब एफसी नस्साजी मजनदरन पनि रहेका छन् ।

च्यापियन्स लिग होम एन्ड अबेको आधारमा हुनेछ । मुम्बईले पुनेको श्री शिव छत्रपती स्पोर्टस कम्प्लेक्सलाई आफ्नो घरेलु मैदानको रूपमा प्रयोग गर्नेछ । अल हिलालले यसै सिजन नेयमारलाई अनुबन्ध गरेको थियो

## भ्याली पब्लिक र जेसिस सेमिफाइनलमा

**काठमाडौं (प्रस)–** भ्याली पब्लिक र जेसिस दसौं ग्रिनफिल्ड कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर गर्ल्समा बिहीबार सेमिफाइनलमा प्रवेश गरेका छन् । बाफलस्थित आयोजक ग्रिनफिल्ड नेसनल स्कुलको कोर्टमा भ्याली पब्लिकले काष्ठमण्डप विद्यालयलाई ४३-२४ ले पराजित गर्यो ।

भ्याली पब्लिकको जितमा लोरिशा गौचनले २० अंक योगदान गरिन् । स्मृतिको १० अंक सहयोगमा जेसिसले महामञ्जुश्रीलाई २१-१० ले हरायो ।

जुनियर ब्वाइजमा एन्जल्स हार्टले सेबलाई ३१-२३ ले पाखा लगाउदै सेमिफाइनल यात्रा तय गर्यो । एन्जल्स हार्टका लागि रूपेश पौडेलले २५ स्कोर गरे ।

सिनियर ब्वाइजमा जेनिथ, ग्रिनल्यान्ड र जेबी इङलिस स्कुलले सेमिफाइनलमा स्थान सुरक्षित गरे । जेनिथले पिपुल्स एकेडेमीको यात्रामा ५०-३४ ले पूर्णविराम लगायो । जेनिथका रोनिश लामाले १४ अंक जोडे । ग्रिनल्यन्डले हेम्सलाई ६७-५१ ले पन्छायो । ग्रिनल्याण्डका प्रवीण गुरुङले २७ अंक बटुले ।

# फुकुसिमा आणविक ऊर्जा केन्द्रबाट पानी प्रवाह सुरु

**नामी–** चीन र कोरियाको चर्को विवादका बाबजुद जापानले फुकुसिमा आणविक ऊर्जा केन्द्रबाट प्रशोधित रेडियोधर्मी पानी प्रशान्त महासागरमा प्रवाह गरेको छ ।

लगभग ५४० वटा ओलम्पिक पौडी पोखरीमा हुने बराबरको प्रशोधित पानी प्रशान्त महासागरमा बिहीबारदेखि प्रवाह गरिएको जनाउँदै जापानले त्यो सुरक्षित रहेको दाबी गरेको छ । सन् २०११ को सुनामीपछि बिग्रिएका आणविक रियाक्टरहरूलाई चिसो पार्न प्रयोग गरिएको उक्त परिमाणको सबै पानी समुद्रमा विसर्जन गर्न १७ दिन लाग्ने जापानी वैज्ञानिकहरूले बताएका छन् ।

अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आइएइए)को स्वीकृतिमा पानी प्रवाह गरिएको हो । आइएइएका सुपरीवेक्षक आणविक केन्द्रको जलप्रवाहस्थलमा बस्ने र उनीहरूले केन्द्रबाट महासागरमा प्रवाह भएको पानी र माछाको नमूना संकलन गर्नेछन् ।

जापानले ट्रिटियमबाहेक सबै रेडियोएक्टिभ तत्त्वलाई प्रशोधन गरिएको बताएको छ । ती तत्त्वलाई पानीबाट हटाउन सकिँदैन । हाइड्रोजन आइसोटोप पनि प्रवाह गरिएको छ । आइएइएले आणविक केन्द्रको दूषित पानी प्रशोधन गरी सुरक्षितरूपमा महासागरमा प्रवाह गर्ने जापानको योजनाले स्वास्थ्य र वातावरणमा प्रभाव नगण्य हुने भन्दै गत महिना जापानी प्रस्तावलाई अनुमोदन गरेको भए पनि त्यसको निरन्तर विरोध भइरहेको छ ।

चीन र दक्षिण कोरियाले जापानको उक्त कदमलाई अत्यन्त स्वार्थी भन्दै त्यसको कटु आलोचना गरेका छन् । उनीहरूले महासागर कुनै पनि देशको फोहोर विसर्जन गर्ने स्थल नभएको बताएका छन् । 'समुद्र सम्पूर्ण मानवजातिको साझा सम्पत्ति हो र फुकुसिमाको आणविक फोहोर पानीलाई जबरजस्ती समुद्रमा मिसाउनु अन्तर्राष्ट्रिय सार्वजनिक हितको बेवास्ता गर्ने अत्यन्त स्वार्थी र गैरजिम्मेवार पूर्ण कार्य हो,' चीनको विदेश मन्त्रालयले एक विज्ञप्ति निकालेर भनेको छ ।

यसअघि चीन, मकाउ र हङकङले फुकुसिमा र टोकियो वरपरबाट जापानी समुद्री उपज आयातमा प्रतिबन्ध लगाएर विकिरण अनुगमनलाई तीव्र पारेका थिए । हङकङका प्रमुख कार्यकारी जोन लीले जलप्रवाहलाई गैरजिम्मेवार कदम भनेका छन् । वैज्ञानिकहरूले पानी प्रवाहबाट कुनै समस्या नहुने बताए तापनि सार्वजनिक चिन्ताका बीच दक्षिण कोरियाले पनि फुकुशिमाबाट माछा र खाद्यान्नको आयातमा प्रतिबन्ध लगाएको छ । दक्षिण कोरियाको मुख्य विपक्षी पार्टीले उक्त कदमविरूद्ध मैनबत्ती बालेर राजधानी सोलमा विरोध प्रदर्शन गरेको छ ।

सोलस्थित जापानी दूतावासमा पनि विरोधप्रदर्शन भएको छ । प्रदर्शनकारी युवाको एउटा समूह दूतावास रहेको आठौं तलामा पुगेको थियो । त्यहाँ प्रवेश गरेका १४ जना प्रदर्शनकारीलाई हिरासतमा लिइएको छ । सन् १९८६ मा भएको चेर्नोविल दुर्घटनापछि फुकिसिमा आणविक केन्द्र दुर्घटना विश्वकै दोस्रो भयानक विपत्ति हो । सुनामीसँगै भएको नौ रिक्टर स्केलको भूकम्पमा परी उत्तरपूर्वी जापानका २० हजारभन्दा बढीको मृत्यु भएको थियो । *रासस⁄एएफपी*

# मधुशालामा गोली चल्दा चार जनाको मृत्यु

**लस एञ्जलस–** अमेरिकाको क्यालिफोर्निया राज्यको एक मधुशालामा एक जना बन्दुकधारीले अन्धाधुन्ध गोली चलाउँदा तीन जनाको मृत्यु हुनका साथै अन्य छ जना घाइते भएका प्रहरीले जनाएको छ ।

घटनामा गोली चलाउनेको पनि मृत्यु भएको छ । गोलीहानाहान भएका बेला सरकारी अधिकारी पनि भएकाले आक्रमणकारी पनि मारिएको बताइएको छ । घटनामा कुनै पनि सरकारी अधिकारी घाइते भएका छैनन् ।

'घटनास्थलमा चार जनाको मृत्यु भएको पुष्टि भएको छ, गोली हान्ने व्यक्ति पनि मारिएको छ । घाइते छ जनालाई अस्पतालमा लगिएको छ,' ओरेञ्ज काउन्टीका शेरिफले सामाजिक सञ्जालमा भनेका छन् । स्रोतलाई उद्धृत गर्दै ओरेञ्ज काउन्टीले घरायसी विवादका कारण घटना भएको बताएको छ । वारुणयन्त्र विभागका वरिष्ठ अधिकारी ब्रायन फेनेसीले घाइतेमध्ये दुई जनाको अवस्था गम्भीर रहेको बताएका छन् ।

बन्दुक हिंसाबाट संयुक्त राज्य अमेरिका आक्रान्त भएको छ । बन्दुक आक्रमणमा परी यो देशमा हरेक वर्ष हजारौंले ज्यान गुमाउँदै आएका छन् । बिहीबारको गोलीकाण्ड लस एञ्जलसबाट करिब ७० किलोमिटर दक्षिणपूर्वमा रहेको कुकस कर्नर बारमा भएको हो । यो स्थान 'बाइकर'हरूको लागि लोकप्रिय मानिन्छ ।

आक्रमणकारी कानुन कार्यान्वयन गर्ने पूर्वअधिकारी भएको अनुमान गरिएको छ । घटनास्थलबाट एउटा हतियार पनि बरामद गरिएको छ । अमेरिकामा गोलीकाण्डका घटना नियमितरूपमा हुने गरेका छन् भने सञ्चारमाध्यममा बन्दुक हिंसाका समाचार प्रमुख शीर्षक बन्ने गरेका छन् । यो महिनाको पहिलो दिनसम्मको तथ्यांकअनुसार यो वर्ष २५ हजार १९८ जनाले ज्यान गुमाएका छन् ।

बन्दुक हिंसाको अभिलेख राख्ने संस्था गन भइलेन्स आर्काइभले सरदर दैनिक ११८ जना मारिने गरेको जनाएको छ । सात महिनाको यो अवधिमा ८७९ किशोर र १७० बालबालिकाको मृत्यु भएको छ । *रासस⁄एएफपी*

# वाग्नर प्रमुखसहित १० जनाको शव फेला

**मस्को–** दुर्घटनाग्रस्त एम्ब्रेर लिगेसी जेटमा रहेका वाग्नर प्रमुख येभगेनी प्रिगोजिनसहित सबै १० यात्रुको शव फेला परेको रुसी आपत्कालीन सेवाले बिहीबार जनाएको छ ।

हिजो प्रिगोजिनको मृत्युको खबर सुनेपछि धेरै रुसी अचम्ममा परेका थिए । प्रिगोजिनले दुई महिनाअघि असफल विद्रोह सुरु गरेर राष्ट्रपति भ्लादिमिर पुटिनलाई चुनौती दिएका थिए । प्रिगोजनसमेत सवार उक्त जेट समस्याका कुनै संकेत नै नदेखाई अचानक खसेको फ्लाइट ट्र्याकिङ डेटामा देखिन्छ । त्यसपछि करिब ३० सेकेण्डमा उक्त जेट २८ हजार फिटको उचाइबाट आठ हजार फिटभन्दा तल खसेको थियो ।

नागरिक उड्डयन प्राधिकरणका अधिकारीका अनुसार उनीहरूको ध्यान अहिले दुर्घटनाको कारण पत्ता लगाउनेतर्फ केन्द्रित भएको छ । प्राधिकरणले दुर्घटना अनुसन्धान गर्न विशेष आयोग गठन गरेको छ । प्रहरीले दुर्घटनास्थल वरपरको क्षेत्रलाई 'सिल' गरेको छ । *रासस⁄एएफपी*

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०५/०८ गते)

श्री मेहरमान बुढा मगरको नातिनी, आइते बुढा मगरको छोरी, दुर्गे गुरूङको पत्नी रोल्पा जिल्ला, लुङग्री गाउँपालिका, वडा नं. ०५, बस्ने भिम कुमारी गुरूङको मिति २०८०/०३/३१ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको सुलीचौर शाखामा रहेको बचत खाता नं. २६००१५७५३९३०००01 मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको पति श्री दुर्गे गुरूङले यस बैंकको सुलीचौर शाखा कार्यालयमा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय सुलीचौरमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगी परेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय सुलीचौर, रोल्पा फोन नं. ०८६-४०११३९

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MIM THIRTY CAFE TO SERVE DRINKS
पुर्व स्वीकृति मिति २०८०/०५/०७ LT No.291558 चलानी नं.६०२०६६९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | My coffee (coffee maker) | 3 | 0 | 1300 | ४५,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ १५ गते (1st. Sep 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GREEN LIGHT OVERSEAS PVT. LTD
ईजाजत नं. १३६५/०७४/७५
Basundhara-3, Kathmandu,BAGMATI
Phone: 01-5905757, Fax:01-5905758, info@green-lightgroup.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी :ALRAYA ALBAYDA TRADING COMPANY W.L.L.
पूर्व स्वीकृति मिति : २०७८/०८/१६ पुन विज्ञापन स्वीकृति मितिः २०८०/०५/०७ LT. No.252670 चलानी नं.६०१६९३६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 13 | 0 | 140 | ५९,७८० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labor | 3 | 12 | 100 | ४२,७०० | | | | | | | |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

कम्पनीः SHAWARMA CUT RESTAURANT CO WLL
पूर्व स्वीकृति मितिः २०७९/०९/०३ पुन विज्ञापन स्वीकृति मितिः २०८०/०५/०७ LT. No.277891 चलानी नं. ६०१९३४५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Labor | 8 | 14 | 100 | ४२,७०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Light Driver | 15 | 0 | 140 | ५९,७८० | | | | | | | |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ १५ गते (1st. Sep 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Global Sourcing Group Pvt.Ltd (Trans Asia Manpower Pvt.Ltd)
Lic No. 1159/074/074
Milijuli Marg, Maharajgunj/ Chakrapath-3, Kathmandu, Nepal
*Tel : 01-4016163, 01-4016164, Email : info@gsgroup.com.np, www.gsgroup.com.np*

## यूएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL HAJAR AL MUNEER BUILDINGS MAINTENANCE
पुर्व स्वीकृति मितिः२०८०/०५/०७ LT. No. 291561 चलानी नं. ६०२०६६६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 20 | 6 | 900 | ३२,२५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Mason/tile layer | 15 | 0 | 1200 | ४३,००५ | | | | | | | |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ १५ गते (1st. Sep 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

G.R. Manpower Service Pvt. Ltd.
श्रम ईजाजत नं. ८६१/०६६/०६७
Samakhusi- 26, Kathmandu, Nepal. Tel : +977-1-4355695
E-mail: grmanpower861@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EXCELLENCY COMRADES BLACKSMITH AND ALUMINUM WORKSHOP.
पूर्व स्वीकृति मिति २०८०/०५/०७ LT. No. 291383 चलानी नं. ६०२०६६९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Smith | 1 | 0 | 1500 | ५२,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : १०,०००

कम्पनी : TURKEY MAJID SOBAIEE FARM
पूर्व स्वीकृति मिति २०७९/११/१९ पुन विज्ञापन स्वीकृति मितिः २०८०/०५/०७ LT. No. 282074 चलानी नं. ६०१९७५०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agricultural Labour | 1 | 0 | 1000 | ३५,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ १५ गते (1st. Sep 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Muskan Overseas Pvt. Ltd.
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LINA ALI YAHYA AL HARBI ARCHITECTURAL CONTRACTING EST
पूर्व स्वीकृति मितिः २०८०/०५/०७ LT. 291390 चलानी नं. ६०२०६६९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barber | 1 | 0 | 1200 | ४२,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MAIN ZAM COMPANY FOR GENERAL CONTRACTING
पूर्व स्वीकृति मितिः २०८०/०५/०७ LT. 291391 चलानी नं. ६०२०६६९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 60 | 0 | 1000 | ३५,०९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Office And Facility Cleaning Worker | 40 | 0 | 1000 | ३५,०९० | | | | | | | |

कम्पनी : AMR MOUSSA NAKHEIFI COFFEE ROASTERS
पूर्व स्वीकृति मितिः २०८०/०५/०७ LT. 291469 चलानी नं. ६०२०६७००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 2 | 0 | 1500 | ५२,६३५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Worker | 1 | 0 | 1200 | ४२,१०५ | | | | | | | |

कम्पनी : DURAT AL-NASEEM COMPANY LIMITED
पूर्व स्वीकृति मितिः २०७९/१२/२७ पुन विज्ञापन स्वीकृति मितिः २०८०/०५/०७ LT. 284235 चलानी नं. ६०१९९७८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 1 | 0 | 1800 | ६३,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ १५ गते (1st. Sep 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD.
श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : LEONG HUP AGROBUSINESS SDN BHD
पूर्व स्वीकृति मिति : २०८०/०५/०७ LT. No.291481 चलानी नं.६०२०६६७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Poultry Workers | 50 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ १५ गते (1st. Sep 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ABC PLACEMENTS PVT. LTD
Gaushala-9, Battisputali, Kathmandu, Nepal, Tel : 977-1-4482340,
Email : infoabcplacement@gmail.com,
info@abcplacement.com, Website: www.abcplacement.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १११९०० | प्रति तोला - ११०५५० | प्रति तोला - १४६० |



रुकुम(पूर्व) को भूमे गाउँपालिका वडा नं. ४ र ८ को बीचमा बनेको 'ग्राभिटी गुड्स रोपवे' मार्फत सामान ओसारपसार गरिँदै । *तस्बिर: रासस*

# 'अर्थतन्त्र सुधारका लागि सरकार र निजी क्षेत्रबीच सहकार्य आवश्यक'

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रपति रामचन्द्र पौडेलले अर्थतन्त्रमा निजी क्षेत्रको सहभागिता उत्साहजनकरूपमा भएमात्र देशको आर्थिक विकास सम्भव हुने धारणा व्यक्त गरेका छन् ।

नेपाल उद्योग वाणिज्य महासङ्घको कार्यकारिणी समितिसँगको भेटमा राष्ट्रपति पौडेलले विद्यमान आर्थिक अवस्थाका सुधारका लागि सरकार र निजी क्षेत्रको सहकार्य आवश्यक रहेको बताउनुभएको महासङ्घद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

विज्ञप्तिमा उनले यही तथ्यलाई ध्यानमा राखेर सरकार र निजी क्षेत्रबीच पारस्परिक सहअस्तित्व र समभावको दरिलो साझेदारी आवश्यक रहेको बताएको उल्लेख छ ।

नेपालको अर्थव्यवस्थामा निजी क्षेत्रको ८० प्रतिशतभन्दा बढी हिस्सा रहेको भन्दै उनले अर्थतन्त्रमा देखिएको समस्याले अहिले आर्थिक गतिविधिलाई सुस्त बनाएको धारणा राखे ।

राष्ट्रपति पौडेल उद्योगी व्यवसायीहरूले अहिले असजिलो परिस्थितिको सामना गरिरहनुपरेको यथार्थबारे आफु अनभिज्ञ नरहेको स्पष्ट पारे ।

'रोजगारी सृजना हुन नसक्नु, विप्रेषणमा निर्भरता बढ्दै जानु, निर्यात घट्दै जानु, नीतिगत सुधार र सामन्जस्यता नहुँदा आन्तरिक तथा विदेशी लगानी बढ्न नसक्नु, सेवा प्रवाहमा बेला बेलामा विघ्न बाधा देखा पर्ने गरेका छन् । यसैले गर्दा मूल्य वृद्धिलगायत साना र मझौला उद्योगहरू समस्याग्रस्त हुँदै जाने यो अवस्थामा निजी सार्वजानिक साझेदारी बाञ्छनीय छ भन्ने मलाई लाग्छ', राष्ट्रपतिले बताएको विज्ञप्तिमा उल्लेख छ ।



उनले नेपालमा रोजगारी सृजना गर्न र देशको अर्थतन्त्र सुधार्न सबैको ध्यान जानुपर्नेमा जोड दिँदै केही दिन अगाडि आफूले बोलाएको सर्वदलीय बैठकमा समेत अर्थतन्त्र सुधारका लागि सबैको ध्यानाकर्षण गराएको बताए ।

त्यस अवसरमा नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले मुलुकको अर्थतन्त्रका केही सूचकहरू सकारात्मक रहे पनि आम नागरिक र व्यवसायीहरूको आत्मविश्वास बढाएर अर्थतन्त्रलाई चलायमान बनाउनेतर्फ सरोकारवालाले ध्यान जानुपर्ने बताए ।

भेटका अवसरमा अध्यक्ष ढकालले निजी क्षेत्र र सर्वसाधारणको मनोबल घटेको अहिलेको अवस्थामा बजारमा माग सिर्जना गर्न सरकार, केन्द्रीय बैंक र निजी क्षेत्रले एक आपसमा सहकार्य गर्नुपर्ने बताए ।

सरकारले पूँजीगत खर्च गर्न नसकेको र बैंक वित्तीय संस्थाहरूबाट पनि कर्जा प्रवाह हुन नसकेको अवस्थामा बजारमा मागको कमी आएको र यस्तो अवस्थामा पूँजीको लागत कम गरी लगानी बढाउन निजी क्षेत्रलाई हौसला आवश्यक रहेको धारणा अध्यक्ष ढकालको थियो ।

अध्यक्ष ढकालका अनुसार व्यवसाय सत प्रतिशत चल्न सक्ने आधारमा राजश्वको लक्ष्य राखिएको हुन्छ तर व्यवसाय दुई तिहाइ खुम्चिँदा करिब पाँच दशकपछि अघिल्लो वर्षभन्दा कम राजश्व सङ्कलन भएको छ । 'यससँगै सरकारी लक्ष्यभन्दा छ प्रतिशत विन्दुले कम आर्थिक वृद्धि हासिल भएको छ । त्यसैले पूँजीको लागत घटाई बजारमा रकम प्रवाह गर्नुपर्दछ', उनले भने ।

यसैगरि अध्यक्ष ढकालले निर्यात प्रवर्द्धन, वैदेशिक लगानी आकर्षण गर्न र पर्यटन प्रवर्द्धनमा विशेष पहल आवश्यक रहेको बताए ।

महासङ्घका पदाधिकारी लगायत कार्यकारिणी समितिले राष्ट्रपति समक्ष भेट गरेको हो । सो अवसरमा महासङ्घका वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठले अर्थतन्त्रको सुधारका लागि सबै क्षेत्रबाट पहल आवश्यक रहेको बताए । उपाध्यक्ष हेमराज ढकालले यसपटक आर्थिक मन्दीका कारण सबै क्षेत्र प्रभावित रहेकोले तत्काल सुधार आवश्यक रहेको बताए ।

# नारायणीमा बन्ने पुलको सर्भे सुरु

■ प्रभाव संवाददाता

**चितवन–** चितवन र नवलपरासी जोड्ने नारायणगढस्थित नारायणी नदीमाथि बन्ने सिग्नेचर पुलको सर्भेको काम थालिएको छ । पुल महाशाखाको टोलीले भरतपुर महानगरपालिका र गैंडाकोट नगरपालिकाका प्रमुखसहितको टोलीसँग स्थलगत निरीक्षण गरी छलफल गरेको हो । भरतपुर महानगरकाका प्रमुख रेनु दाहाल, गैंडाकोट नगरपालिकाका प्रमुख मदनभक्त अधिकारी, पुल महाशाखाको टोली, सडक विभागका प्रतिनिधि, निर्माण कम्पनीका प्रतिनिधिसहितको संयुक्त टोलीले स्थलगत निरीक्षण गरेको छ ।

पुल महाशाखाका उपनिर्देशक नरेशमान शाक्यका अनुसार सिग्नेचर पुल अहिले भएको पुलभन्दा उत्तरतर्फ बन्ने छ । उक्त पुल चार वर्षभित्र निर्माण सम्पन्न हुने गरी काम अगाडि बढाइने उनले जानकारी दिए ।

सिग्नेचर पुल निर्माणका लागि तुँही कन्स्ट्रक्सनले निर्माणको जिम्मा पाएको छ भने अहिले पुल डिजाइनको काम भइरहेको कम्पनीले जनाएको छ । चार सय २० मिटर लामो उक्त पुल निर्माणका लागि रू एक अर्ब ६८ करोड ७६ लाख ठेक्का सम्झौता भएको छ । राष्ट्रिय राजमार्गलाई जोड्ने गरी नारायणी लिफ्टभन्दा उत्तरतर्फबाट गैंडाकोट जोड्ने अर्को पुलको टोलीले फिल्ड सर्भे पनि गरेको छ ।

भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालले विगत लामो समयदेखि पुल निर्माणका लागि महानगरपालिकाले पहल गरिरहेको बताउँदै अबको केही समयपछि यस कामले पूर्णता पाउनेमा विश्वस्त रहेको उललेख गरिन् । सिग्नेचर पुलसहित राष्ट्रिय राजमार्ग जोड्ने तीनवटा पुल निर्माण हुँदा भरतपुरले विकासमा गुणात्मक फड्को मार्ने उनको भनाइ थियो ।

भरतपुर र नवलपरासी जोड्ने अरु दुई पुल निर्माणका लागि स्थलको अवलोकन गरिएको पुल महाशाखाको टोलीले जनाएको छ । महाशाखाले भरतपुर महानगरपालिका वडा नं २६ को घोसराघाटबाट नवलपुरको प्रगतिनगर जोड्ने पुलको स्थलगत निरीक्षण गरेको महाशाखाका उपनिर्देशक शाक्यले जानकारी दिए । यस्तै गोलाघाटबाट नवलपुर जोड्ने गरी ठेक्का सम्झौता भई स्थगित भएको स्थानको पनि टोलीले अवलोकन गरेको उनले बताए ।

भरतपुर र माडी ठोरी जोड्ने गरी अर्को पुल निर्माणको तयारी गरिएको छ । उक्त पुल भरतपुर महानगरपालिका वडा नं २४ अन्तर्गत ध्रुव र चितवन राष्ट्रिय निकुञ्ज जोड्ने गरी निर्माण गरिने महाशाखाले जनाएको छ । पुल महाशाखाका अनुसार तीनवटा नयाँ पुल निर्माण गर्न एकैपटक ठेक्का सम्झौता गर्ने तयारी भएको छ ।

## कर्पोरेट

### सानिमा बैंक र दराजबीच सम्झौता




**काठमाडौं (प्रस)–** सानिमा बैंकले ग्राहकहरूका लागि दराजसँग 'दराज मन्थली पेडे योजना' अन्तर्गत विशेष छुट दिने सहकार्य गरेको छ ।

ग्राहकहरूले सानिमा बैंकको डेबिट वा क्रेडिट कार्डबाट दराजमा अग्रीम भुक्तानी गर्दा भाद्र २०८० देखि श्रावण २०८१ सम्म हरेक महिनाको ७ गते विशेष छुट प्राप्त गर्न सकिनेछ । ग्राहकहरूले डेबिट कार्डबाट भुक्तानी गर्दा १५ प्रतिशत वा अधिकतम् रु. ५००/- सम्मको छुट तथा क्रेडिट कार्डबाट भुक्तानी गर्दा २० प्रतिशत वा अधिकतम् रु ७५०/- सम्मको छुट प्राप्त गर्न सकिनेछ । छुट प्राप्त गर्न ग्राहकहरूले दराज एपमा भौचर सङ्कलन गर्नुपर्नेछ । यसैगरी क्रेडिट कार्ड प्रयोगकर्ताहरूले मासिक किस्ताबन्दी (भ्ःक्ष) सुविधा पनि प्राप्त गर्न सक्नुहुनेछ । उक्त छुट प्राप्त गर्न ग्राहकहरूले आफ्नो डेबिट वा क्रेडिट कार्डमा अनलाइन पेमेन्ट सेवा सुचारु गरी सक्नुपर्ने हुन्छ । अनलाइन पेमेन्ट सेवा सुचारु गर्ने प्रकृयाको भिडियो सानिमा बैंकको आधिकारिक वेभसाइटमा राखिएको छ । सानिमा बैंकको देशका सातै प्रदेशमा १३२ वटा कार्यालय तथा १२३ वटा ए.टि.एम. संचालनमा रहेका छन् ।

### संगीतसँग जोडिँदै 'रूस्लान स्टुडियो' सञ्चालनमा

**काठमाडौं (प्रस)–** रुस्लानले रुस्लान स्टुडियोको सुरुवात गरेको छ । एक विशेष समारोहबीच बुधबारदेखि स्टुडियोको सुरुवात भएको हो । रुस्लान स्टुडियो एउटा यस्तो मञ्च हो जसले लाईभ स्टुडियो रेकर्ड सेटिङ संगीतका विभिन्न विधाहरू प्रस्तुत गर्नेछ । सो संगीतहरूको प्रसारण रुस्लान स्टुडियोको युटुब पेजबाट हुनेछ ।

कार्यक्रमा नेपालभरका ५० भन्दा बढी लोकप्रिय कलाकार र संगीतकारहरूको प्रस्तुति हुनेछ । रुस्लान स्टुडियोको मुख्य उद्देश्य यस अघि नसुनेका धुनका केही लोकप्रिय ट्र्याकहरूमा परिक्षण गरी कलाकार र संगीतकार हरूलाई आफ्नो सांगीतिक फ्युजन र गतिशिलता प्रस्तुत गर्न' हो, जसबाट २५ भन्दा बढी ट्र्याकहरू नयाँ शैलिमा रमाउन सकिने छ ।

रुस्लान स्टुडियोमा शुशान्त केसी, द एक्स ब्यान्ड, स्वप्न सुमन, मिस्टर डी, त्रिशला गुरुङ, सुनिल पण्डित, कुटुम्ब, एकदेव लिम्बु, समिर श्रेष्ठ, झुमा लिम्बु, द एलिमेंट्स, महेश काफ्ले, अनिल सिंह, इमर्ज ब्यान्ड, व्योमा, फोसील, मनिष गन्धर्ब, दिवस गुरूङ, आकाश खड्का, कमल खत्री, आनन्द कार्की, राजा राजेन्द, केंजल मेहर श्रेष्ठ, एएसएमहरूको प्रस्तुति हुनेछ । 'रुस्लान र संगीतको सम्बन्ध धेरै अघि देखि परिचित रहदै आएको छ र



यसै मार्फत हामीले रुस्लान एफएममा समय परिषद् नयाँ धुनहरू पेश गर्दै आएका पनि छौ । आगामी दिनमा रुस्लान र संगीतको सम्बन्धलाई अझ दरिलो बनाउने उद्देश्यका साथ नै हामीले रुस्लान स्टुडयोको शुरुवात गरेको हो । हालको यो परियोजनामा हामीले नेपाली कलाकारहरूको बहुमुखी प्रतिभा संगीतको मार्फत पेस गर्दै छौ र सो कलालाई डिजिटल प्लेटफर्म मार्फत एकीकृत गर्ने लक्ष्य राखेका छौ,' जावलाखेल ग्रुप अफ इण्डष्ट्रिजका ब्रान्ड म्यानेजर श्रय कृष्ण श्रेष्ठले बताए ।

रुस्लानले आफ्नो ग्राहकवर्गको खुशीयाली, उत्सव, जमघट तथा रमझमको क्षणलाई उत्सवमय बनाउन साथ दिँदै आएको छ र रुस्लान स्टुडियोले ब्रान्ड र ग्राहकको सम्बन्ध अझ अटुट बनाउने पनि श्रेष्ठले ब्यक्त गरे । रुस्लान स्टुडियोको पहिलो एपिसोडमा शुशान्त केसीको प्रस्तुति रहेको छ ।

# नेप्सेमा दोहोरो अंकको गिरावट

**काठमाडौं (प्रस)–** साताको अन्तिम दिन नेप्से सूचक ३१ अंकले घटेर बन्द भएको छ । अघिल्लो तीन दिन लगातार बढेको नेप्से सूचक बिहीबार ३१ अंकमाथिले घटेको हो । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से सूचक ३१.५२ अंकले घटेर २ हजार १३.९३ अंकको विन्दुमा ओर्लिएको छ भने १ अर्ब ५५ करोड ५ लाख रूपैयाँ बराबरको सेयर कारोबार भएको छ ।

१३ वटै उपसूचक ऋणात्मक हुँदै बजार नै रातामे भएको छ । सबैभन्दा बढी फाइनान्स समूहको उपसूचक २.९२ प्रतिशतले घटेको छ भने हाइड्रोपावर समूहको उपसूचक २.५० प्रतिशतले, डेभलपमेन्ट बैंक २.२३ प्रतिशतले, नन् लाइफ इन्स्योरेन्स २.२२ प्रतिशतले र लाइफ इन्स्योरेन्स २.१४ प्रतिशतले घटेका छन् । अन्य समूहको उपसूचक २ प्रतिशत कमले घटेका छन् ।




अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्सप्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ